# संघीय संसद

# राष्ट्रिय सभा

# सोह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १० असार २०८१

# सोमबार

# बैठक सङ्ख्या- १७

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१५ बजे प्रारम्भ भयो।

(१३:१८ बजे)सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नका लागि दलीय आधारमा नाम प्राप्त भएको छ। अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु।

सर्वप्रथम, माननीय सदस्य झक्कु प्रसाद सुवेदी। समय १५ मिनेट। यसपछि माननीय सदस्य कमला पन्त।

(१३:१९ बजे)माननीय श्री झक्कु प्रसाद सुवेदी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, पहिलो हप्ता पत्रपत्रिकामा अछाममा भएको दुर्घटना जो एकजना किशोरी आफ्नै मामा नाता पर्नेबाट बलात्कृत भएकी थिइन्। तिनको बारेमा पत्रपत्रिकामा समाचारहरू आए। विभिन्न लेखहरू आए। कविहरूले कविता पनि लेखे दुःख प्रकट गरेर। फेरि यो हप्ता हिजोदेखि अर्को विषयमा बहस हुन सुरु गरेको छ।तपाईं हामीलाई थाहा छ यो देश भ्रष्टाचारले गाँजेको धेरै पहिलेदेखि हो । हामीले जहिलेदेखि हामीमा अलिकति राजनीतिक चेत

आयो, जहिलेदेखि हामी अलिकति जान्ने बुझ्ने भयौं, त्यसबेलादेखि नेपालमा भ्रष्टाचारको बारेमा हामीले सुन्यौं। भ्रष्टाचारले थुप्रै राजनीतिक नेताहरू डामिए। उच्च पदस्थ अधिकारीहरू डामिए। र हिजोदेखि कर्मचारीका सबभन्दा ठुला व्यक्ति, सबभन्दा माथिल्लो ओहदामा भएका देशका मुख्य सचिव डा. बैकुण्ठ अर्याल जो यो देशको मुख्य सचिव हुनुहुन्थ्यो हिजोसम्म। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उहाँको विरुद्धमा विशेष अदालतमा मुद्दा दायर गरेको छ। यो साँच्चै भन्नुहुन्छ भने अध्यक्ष महोदय, नेपालको इतिहासमा यो धेरै दुःखद् विषय हो यो । ब्युरोक्रेसीको सबभन्दा माथिको व्यक्ति जो देशको मुख्य सचिव छन्, तिनै व्यक्ति भ्रष्टाचार गरेको अभियोगमा उनका विरुद्ध विशेष अदालतमा अख्तियारबाट मुद्दा दायर हुन्छ भने हाम्रो देशमा योभन्दा दुःखको विषय के हुन्छ। तपाईं हामीलाई थाहा छ- एक वर्ष अगाडि आजकालै हैं नेपाललाई बदनाम गर्ने नक्कली भुटानी शरणार्थी काण्डको बारेमा नेपालमा धेरै ठुलो बहस भयो। त्यो तल धर्तीसम्म पुग्यो। आम जनताले त्यो कुरा थाहा पाए। देशको गृह सचिव, देशका मन्त्रीहरू, लामो समयसम्म मन्त्री भएका व्यक्तिहरू, स्थापित राजनीतिक नेताहरू र ब्यूरोक्रेसी जो हामी नोकरशाह भन्छौं। नोकरशाहहरू मिलेर देश बर्बाद पार्ने, नेपालीलाई नक्कली भुटानी बनाएर अमेरिका पठाउने, देशलाई बदनाम गर्ने तिनीहरू सरकारद्वारा डामिए। अहिले पनि कति जेलमा छन्।

अध्यक्ष महोदय, यो भ्रष्टाचार भन्ने विषय यस्तो डरलाग्दो विषय रहेछ। यो सरकारले आफ्नो कार्यक्रम ल्याएको छ। सुशासन, सामाजिक न्याय र समृद्धि भनेको छ। सुशासन र भ्रष्टाचार भनेका एकापसमा सबभन्दा बढी विरोधी विषयहरू हुन्। जहाँ भ्रष्टाचार छ त्यहाँ सुशासन कायम गर्न सकिन्न। भ्रष्टाचारको बारेमा म यहाँ एउटा सन्दर्भ राख्न चाहन्छु- ४ वर्ष अगाडि चीनमा एक जना ठुलै नेता, धेरै ठुलो नेताको श्रीमतीले भ्रष्टाचार गरेको ठहर भएपछि ती नेताको श्रीमतीलाई त्यहाँको कानुन अनुसार मृत्युदण्ड दिइयो । मैले यहाँ मृत्युदण्ड दिनुपर्छ भन्न खोजेको हैन। त्यसको म पनि विरोधमा छु। किनभने मान्छेलाई रूपान्तरण हुने मौका दिनुपर्छ। व्यक्तिले एकपटक गल्ती गर्छ। पछि सच्चिन सक्छ भन्ने सिद्धान्त अनुसार केही गल्ती गरेबापत् मृत्युदण्ड दिए भन्ने सही विषय हैन। तर कानुनले मात्र पनि हुँदैन। कानुनले हुने हो भने जसले कानुन लागू गर्छन् ती व्यक्तिहरूले भ्रष्टाचारको नेतृत्व गरेको देखियो। अहिलेका मुख्य सचिव डा. बैकुण्ठ अर्याल, उहाँको भ्रष्टाचारको केस अहिले मुख्य मन्त्री भएको बेलाको हैन। मुख्य सचिव भएको बेलाको हैन । उहाँ जतिखेर सञ्चार सचिव हुनुहुन्थ्यो। सञ्चार सचिव हुँदा मदिराको अन्तःशुल्क स्टीकर छपाइमा भ्रष्टाचार गरेको भनेर विशेष अदालतले मुद्दा दायर गरेको छ। ३८ करोड ६७ लाख रुपैयाँको बिगो मागदाबी गरेको छ, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले।

अध्यक्ष महोदय, बहालवाला मुख्य सचिवमाथि मुद्दा लागेको नेपालको निजामती इतिहासमा २०१२ सालदेखि अहिलेसम्म २५ जना मुख्य सचिव भएका छन्। २५ औं मुख्य सचिवमा डा. अर्याललाई भ्रष्टाचारको मुद्दा लागेको छ। सुरक्षण मुद्रण केन्द्रबाट स्टीकर छपाउने गरी मसी र कागज मात्रै खरिद गर्नुपर्छ भन्ने गरी सरकारले बजेटको व्यवस्था गरेको, सोही अनुसार बियरमा टाँस्ने ४३ करोड ३२ लाख थान स्टीकर छपाउनुपर्ने थियो। तर मुद्रण केन्द्रको आफ्नै मेसिन हुँदाहुँदै अस्वाभाविकरूपमा बढी मूल्य कायम गरेर स्टीकरको मूल्य निर्धारण गरी महँगो कबोल गर्नेलाई त्यो ठेक्का दिएको थियो। गैरकानूनी सम्पत्ति आर्जन गरेको उजुरी पनि छ उहाँमाथि, यो मात्रै हैन गैरकानुनी सम्पत्ति आर्जन गरेको उजुरी पनि छ । डा. बैकुण्ठ अर्यालको घरमै गएर अख्तियारको टोलीले नापजाँच गरेको छ। सम्पत्तिको मूल्याङ्कन गरेको छ। सूचना प्रविधिसँग सम्बन्धित ठेक्का पट्टामा एकछत्र कब्जा जमाएका त्यहाँका कर्मचारीहरू बिमल पौडेल र सुनिल पौडेलले सबै कुराको व्यवस्था मिलाएको देखिन्छ।

अध्यक्ष महोदय, उनीहरू जस्तोसुकै विवादास्पद निर्णय गर्न पनि तयार भएको देखिन्छ। दायर मुद्दाहरूमा भोलि अदालतबाट अन्तिम फैसला जे होला तर भइरहेको घटनाले यहाँ ठूलो विसङ्गति देखा परेको छ। अदालतबाट यो मुद्दा प्रमाणित भयो भने कर्मचारीतन्त्रमा गलत काम गर्नु अघि केही हदसम्म भएपनि डर पैदा हुन सक्नेछ।

अध्यक्ष महोदय, त्यति मात्र हैन, जेठ महिनाको अन्तिमतिर सिरहाको नवराजपुर भन्ने गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतसहित १४ जना विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ। यो बडो दुःखको कुरा हो । जम्मा २ पटक स्थानीय तहको निर्वाचन भएको छ। दोस्रो स्थानीय तहको चुनाव भएको भर्खरै २ वर्ष पुगेको बेलामा सिरहाको नवराजपुर गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र प्रमुखलाई पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ। कारण के थियो भने मधेश प्रदेश सरकारको सांसद अनुदानबाट दलितहरूको आधारभूत विद्यालयमा एउटा मझौरा भन्ने ठाउँमा अधूरो काम पूरा गर्नको लागि दिएको रकमबाट कुनै पनि काम नगरी हिनामिना गरेको पाइएकोले उनीहरूविरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको पाइएको छ। यो कति दुःखको कुरा हो अध्यक्ष महोदय।

त्यसैगरी तपाईं हामीलाई थाहा छ यहाँ उपत्यकामा ललितपुर जिल्लाको गोदावरी नगरपालिकाका मेयर, उपमेयर दुवै जनालाई भर्खरै केही दिन अगाडि उहाँहरूलाई पनि मुद्दा लागेको छ। त्यस्तै सर्लाहीमा पनि, सर्लाहीको एउटा नगरपालिकामा पनि अध्यक्ष, उपाध्यक्षलाई मुद्दा लागेको छ। यसबाट के देखिन्छ, के प्रमाणित हुन्छ भने यो भ्रष्टाचार सुशासनको निम्ति धेरै

तगारोको रूपमा यो देखापरिरहेको छ। हामी सबै एकजुट भएर भ्रष्टाचारको विरुद्ध नगएसम्म यो चाहे सत्ता पक्ष होस् चाहे प्रतिपक्ष होस्, चाहे नेता हुन्, चाहे कार्यकर्ता हुन्, चाहे जनता हुन्, चाहे कर्मचारी हुन्। यसको विरुद्धमा हामी एकजुट हुन जरुरी देखिन्छ। यी विषयबाट के बुझ्न सकिन्छ भने सबैतिर भ्रष्टाचार व्यापक भएको र भ्रष्टहरूको समूहले सबैलाई प्रभावित पारेको देखिन्छ। मैले पहिले पनि राखें। विकल पौडेल र सुनिल पौडेल ती २ जना कर्मचारी तिनीहरूले यस्तोसम्म गर्दा रहेछन्, यतिसम्म तागत प्रयोग गर्दा रहेछन्। उनीहरूले भनेको यदि मान्दैन भने त्यो धेरै माथिको कर्मचारी, ब्युरोक्रेसीको टप टप व्यक्तिहरूलाई पनि सरुवा गर्ने, सचिवलाई पनि सरुवा गर्ने, त्यस्तो समेत तिनीहरूले हैसियत राख्छन् भन्ने कुरा अख्तियारले पेस गरेको, दायर गरेको विषयमा उल्लेख गरेको छ।

अध्यक्ष महोदय, भ्रष्टाचार गरेर मात्र पैसा कमाउन सोच्नेले कसरी देशको काम गर्छ? कसरी जनताको काम गर्छ? चाहे राजनीतिक नेता होस्, चाहे ब्युरोक्रेसीको कर्मचारी होस्। उसको दिमाग भनेको पैसा कमाउनेमा मात्र हुन्छ, ब्रह्मलुट गर्नेमा मात्र हुन्छ।त्यसले कसरी देशको सेवा गर्न सक्छ? त्यसले कसरी जनताको सेवा गर्न सक्छ? अध्यक्ष महोदय, यो गम्भीर विषय हो कि हैन? त्यसैगरी तपाईं हामीलाई थाहा छ। यो सरकारले धेरै राम्रा काम गर्‍यो। जस्तो कुनै दिन १८ घण्टाको लोडासेडिङ थियो, ऊर्जा मन्त्रीज्यू, माननीय मन्त्रीज्यू यहीं हुनुहुन्छ। कुनै दिन १८ घण्टा लोडसेडिङ थियो यहाँ नेपालमा, हामी जतिखेर युद्धबाट शान्ति प्रक्रियामा आएका थियौं।१७-१८ वर्ष अगाडि यहाँ २४ घण्टामा १८ घण्टा लोडसेडिङ हुन्थ्यो। जब जनताका छोराछोरीले साँझ पढ्न सुरु गर्थे, बत्ती जान्थ्यो। बत्ती राति १२ बजे, १ बजे मात्रै बत्ती आउँथ्यो। त्यो लोडसेडिङको अन्त्य भयो। त्यो लोडसेडिङ पनि भ्रष्टाचारले गर्दा भाको हो।आज किन त्यो लोडसेडिङ हुँदैन? धेरै बिजुली आज पनि कहाँ छ र ? तर त्यसबेलामा किन लोडसेडिङ भो त्यो पनि १८ घण्टा? यो विषयको उत्खनन् गर्नुपर्छ भन्ने लाग्छ।अहिलेका वर्तमान सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड जतिखेर प्रधानमन्त्री हुनुभयो, त्यतिखेर त्यो लोडसेडिङ १८ घण्टाबाट एकैचोटि १८ घण्टा लोडसेडिङ हुने देशमा एकैचोटि २४ घण्टासम्म बत्ती आउने गर्‍यो। कसरी सम्भव भयो यो? यसको उत्खनन् राज्यले गर्न जरुरी छ। त्यसैगरी विगतका दिनमा किताब पनि समयमा विद्यार्थीले पढ्न नपाउने, आज किन समयमा किताब पुगेको छ। यसको बारेमा पनि अध्ययन गर्न जरुरी छ।सधैं घाटामा हुने वायुसेवा निगम आज किन नाफामा भयो? विगतमा त्यसलाई घाटामा कसले पुर्‍यायो? आयल निगमको स्थिति सुधार आइराखेको छ। हिजो किन त्यो सुधारमा आउन सकेन? अन्तमा भ्रष्टाचार नियन्त्रण गर्नको लागि सरकारले राज्य सञ्चालनको पुरानो निरन्तरतालाई तोड्ने र नयाँ क्रमको सुरुवात गर्नुपर्छ। पुरानै

तरिकाले सत्ता चलाएर अब भ्रष्टाचार नियन्त्रण गर्न सम्भव छैन। देशलाई समृद्ध र जनतालाई आत्मनिर्भर बनाउनु सरकारको प्रमुख कर्तव्य हो। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य कमला पन्त। समय १४ मिनेट।यसपछि माननीय सदस्य सुमित्रा बि.सी.।**

(१३:३४ बजे)**<u>माननीय श्री कमला देवी पन्त (सभापति, विकास, आर्थिक मामिला तथा सुशासन समिति)</u>ः-** सम्माननीय अध्यक्ष महोदय, आज बिहान मैले एउटा पत्रिका पढें, पत्रिका हेरें। त्यसमा एउटा कार्टुन थियो।कार्टुनमा के भनिएको थियो भने हजुरबा र नाति। हजुरबाले भ माने भकारी भने, म माने भकुण्डो भने। हैन हैन हजुरबा भ माने भ्रष्टाचार भन्यो। त्यो कार्टुन हेरेपछि मलाई कस्तो लाग्यो भने अध्यक्षज्यू, यो बालबच्चाको दिमागमा पनि यो भ्रष्टाचारको कुरो छिरिसक्यो।गाउँको एउटा बुढो मान्छेले पनि नातिलाई पढाउँदा पढाउँदै हजुरबाउलाई पनि नातिले सिकाइदियो भ्रष्टाचारको कुरा।भनेपछि हाम्रो त्यो जेनेरेशनसम्म पनि भ्रष्टाचार पुगिसक्यो, भनेपछि हामी कहाँ पुगेका छौं।र अहिले पूर्ववक्ता माननीयज्यूले पनि धेरै कुरा उठाउनुभयो।हामीले सुशासनको कुरा गरेका छौं।सुशासन, सुशासन भनेर थाक्दै थाक्दैनौं।तर सुशासन दिनको निम्ति, सुशासनलाई अवरुद्ध गर्नको निम्ति के अगाडि छ, हाम्रा अगाडि के तेर्सिएको छ? त्यसका बारेमा हामीले बुझेका छौं, जानेका छौं। दिन प्रतिदिन हामी चाहिँ कुशासनमा लागिराखेका छौं।र यसलाई हामीले कसरी न्यूनीकरण गर्न सक्छौं। भ्रष्टाचारलाई न्यूनीकरण गर्दै सुशासन दिन हामी कसरी सक्छौं? र राज्य यसमा कसरी समर्थकको रूपमा छ अथवा सुशासन दिलाउन लागिराखेको छ अथवा प्रधानमन्त्रीले त सुशासनको निम्ति धेरै कुरा गर्नुभएको थियो।अहिले हेर्दै जाँदाखेरि त्यतापट्टि मुलुक अगाडि बढेको जस्तो हामी देख्दैनौं। यसलाई अब हामी निर्मूल गर्नको निम्ति के गर्न सकिन्छ, यसलाई न्यूनीकरण गर्नको निम्ति के गर्न सकिन्छ।

देशभित्र २ प्रकारका सरकार हुन्छन्। एउटा निर्वाचित सरकार जनप्रतिनिधिले बनाएको र अर्को स्थायी सरकार। स्थायी सरकार भनेको निजामती सरकार भयो, निजामती क्षेत्र भयो। अर्को चाहिँ राजनीतिक क्षेत्र भयो।निर्वाचित सरकार चाहिँ राजनीतिक क्षेत्रको भयो। र यसमा चाहिँ हामी, यसको कार्यशैली सबै ठ्याक्कै नमिलीकन निर्वाचित सरकार आदेश कसले दिन्छ हाम्रो मन्त्रीज्यूहरू यहीं हुनुहुन्छ।मन्त्रीज्यूहरूले आदेश नदिईकन कर्मचारीहरूले काम गर्न सक्छन्? उनीहरूले फाइल उठाएर ल्याउँछन्, अन्तिममा त मन्त्रीलाई देखाएकै हुन्छ। हामीले बुझेको

हामीले जानेको त त्यस्तो हो। तर कसरी यस्तो भइराखेको छ। मैले बुझेकै छैन। दुइटाको बीचको लय नमिलीकन, दुइटाको बीचको समझदारी र समन्वय नभईकन कसरी भ्रष्टाचार हुन्छ? यो के भएको हो? मलाई चाहिँ कस्तो लाग्छ भने कस्तो अनौठो के, अचम्म लाग्छ। म पनि सानोतिनो भए पनि २-४ महिना मन्त्री भएको मान्छे। मलाई पनि थाहा छ, निर्णय कसरी गर्ने, कसरी निर्णय हुन्छ भन्ने कुरा। त्यसले गर्दा यो दुइटाको लय नमिलीकन त १ बोतल, १ कार्टुन पानी किन्न पनि सक्दैन। त्यसले गर्दा यो दुइटाको लय कसरी मिलेको हुन्छ र यसलाई चाहिँ यो कुशासनमा जानको निम्ति के ले प्रेरित गरेको हुन्छ। अब यो चाहिँ धेरै गम्भीर अवस्थामा हामी पुगेका छौं। यसलाईं चाहिँ अध्यक्षज्यू म एकदम अध्यक्ष महोदयलाई धेरै गम्भीर हुनको निम्ति पनि निवेदन गर्छु।

र अर्को कुरा चाहिँ नेपालको इतिहासमै पहिलोपल्ट यो यस्तो ठुलो तहको निजामतीबाट भ्रष्टाचारको अभियोग लाग्यो। धेरै दुःखको कुरा हो। र यो लाग्दाखेरि के भएको छ भने निजामती क्षेत्र असाध्यै डिमोरलाइज भएको छ। शिर निहुरिएको छ निजामती क्षेत्रको। यो स्थायी सरकारको शिर निहुरिएको छ। यो कसरी भयो? पत्रपत्रिकामा के के आयो, के के भयो त्यो भिन्न कुरा हो। हामी आफैले अध्ययन गरेका छौं। हामी यहींको पानी खान्छौं। यहींको माटोमा हुर्कियौं। यहीं सधैं दिन, साँझ, बिहान, दिन, रात यहीं बसेका छौं। यहींका मान्छेसँग हाम्रो सङ्गत छ। सबै मान्छे भ्रष्ट छैनन्। यो हाउसमा भएका मान्छे भ्रष्ट छन् तर भ्रष्टाचारीको अभियोग जति सबै यो हाउसमा भएकोले बोक्न परेको छ, राजनीतिले बोक्न परेको छ। कालो चिया पनि अर्काको नखानेले बोक्न परेको छ। यो कस्तो चिन्ताजनक अवस्था छ अध्यक्षज्यू। यो चिन्ताजनक अवस्थाबाट हामीले मुक्ति पाउनको निम्ति के गर्ने ? यी कुरा गम्भीरताका साथ यो हाउसले कम्तीमा पनि हामी ५९ जना, अनि यहाँ मन्त्रीज्यूहरू पनि आउनुहुन्छ। हामीले मन्त्रीलाई मन्त्री बनाउन, सरकार बनाउन भोट त हालेनौं। तर हामीले निगरानी पनि गरेका छौं। समर्थन पनि गरेका छौं। खुसी पनि व्यक्त गरेका छौं। मन्त्री को भयो, के भयो। यो त राम्रो मान्छे थियो भएछ, राम्रो भयो भनेका छौं। हामीले धेरै राम्रो होस् भन्ने शुभेच्छुक हो। यसमा यति ठुलो धब्बा लागेको छ निजामती क्षेत्रलाई हिजोको त्यो घटनाले। हाम्रो मुख्य सचिव प्रधानमन्त्रीको निकटमा बसेर काम गरेको व्यक्ति, निकटमा बसेर, प्रधानमन्त्रीको निकटमा बसेर उसले हिजो के गर्यो, आज के गर्यो भन्ने कुराले कुनै अर्थ राख्दैन। तर आज प्रधानमन्त्रीको निकटमा बसेर काम गरेको व्यक्ति भ्रष्टाचारको अभियोगमा निलम्बित भएको छ। मुद्दा चलाइएको छ। र यो कुरालाई हामीले धेरै नै गम्भीरताका साथ लिनुपर्छ भन्ने मलाई लागेको छ। र अर्को कुरा चाहिँ राजनीतिक तहको संरक्षण बेगरको यो सम्भव हुन्छ कि हुँदैन? मलाई लाग्दैन

प्रधानमन्त्रीले मुख्य सचिवलाई भ्रष्टाचार गर भनेर भन्नुभयो भन्ने मलाई लाग्दैन। एउटा इच्छा शक्ति बोकेको व्यक्ति प्रधानमन्त्री हुनुहुन्छ तर उहाँको निकट व्यक्तिलाई चाहिँ त्यो अभियोग लागेपछि यहाँ के भएको छ? अब खोजी गर्ने कि नगर्ने? जनतालाई त जनताले राम्रोसँग खोजेका छन्।हामीले खोज्ने कि नखोज्ने? कहाँबाट ऐँजेरु भन्छौं नि हामीहरू रूखमा लागेकोलाई ऐँजेरु भन्छौं कहाँबाट ऐँजेरु पलाएको छ। त्यो ऐँजेरु पलाउने बित्तिकै रुख मर्छ। हामीलाई थाहा छ। हामी गाउँमा हुर्केको मान्छे। त्यो ऐँजेरु पलाउने बित्तिकै त्यो जतिसुकै राम्रो रुख भए पनि मर्छ, त्यस्तो अवस्था हुन्छ। त्यसले गर्दा कहाँ ऐँजेरु पलाएको छ अध्यक्षज्यू त्यो ऐँजेरुको खोजी चाहिँ गर्नुपर्ने अहिलेको अवस्था भयो।

अब नीतिगत भ्रष्टाचारको समेत अनुसन्धान गर्ने मलाई लागेको छ। अन्यथा यहाँ नहोला तर यो नीतिगत भ्रष्टाचारको समेत अनुसन्धान गर्ने, सुनुवाइ गर्ने र मुद्दा चलाउने अधिकार सम्पन्न शक्तिशाली नागरिक लोकपाल विधेयक, लोकपालको ठाउँमा अरू शब्द के राखे, के गर्ने, एउटा नागरिक लायकको विधेयक। विधेयक एउटा संसदमा ल्याउनपर्ने आवश्यकता पर्यो भन्ने मलाई लागेको छ। अब अख्तियार छ। हामी छौं छन त। नियमन गर्ने निकायहरू धेरै छन्। तर नियमनमा हामी कहाँनिर चुक्यौं? चुकेको अवश्य हो। अब छलफल गर्ने कि नगर्ने? अब यसलाई अनुसन्धान गर्ने कि नगर्ने? चुक्यौं हामी। हाम्रो कानुनले चुक्यो कि नीतिगत भ्रष्टाचार गर्नको निम्ति। कानुन संशोधन गरेर पनि भ्रष्टाचार गरिएको छ।हामीले जमिनको हदबन्दी तोकेर त्यसैलाई भ्रष्टाचार पनि गर्यौं। म धेरै कुरा कोट्याउन पट्टि लाग्दिनँ। जमिनको हदबन्दी तोकियो। हदबन्दी तोक्दाखेरि हामी खुसी मनायौं। मैले पनि भोट हालें। त्यो ऐनमा, तर त्यसमा चाहिँ त्यो हदबन्दी तोकेकोमा त्यसैमा भ्रष्टाचार गरियो । नीतिगत भ्रष्टाचार, नीतिगत भ्रष्टाचार भनेको धेरै डेन्जर हो। एउटाले टेबुलमुनिबाट १० हजार खाएकोलाई भ्रष्टाचार भनिंदैन। खाउ भनेको हैन मैले फेरि।तर यो नीतिगत भ्रष्टाचार एकदमै डेन्जर भ्रष्टाचार हो। यसलाई चाहिँ हामीले असाध्यै संवेदनशील भएर हेर्नुपर्यो। राम्रो मान्छे पनि गलत हुन लागिसक्यो। गलत मान्छे पनि अब उसको नजिकको हुने बित्तिकै राम्रो हुन लागिसक्यो।त्यसले गर्दा खराबलाई खराबै। ठीकलाई ठीकै।राम्रोलाई राम्रै भन्ने वातावरण हुनुपर्यो। यसको निम्ति एउटा शक्तिशाली नागरिकले यो कसैले पनि उसले कसैको कुरा नसुन्ने पहिला विश्वनाथ हुनुहुन्थ्यो नि विश्वनाथ, हाम्रो प्रधान न्यायाधीश। विश्वनाथ जस्ता व्यक्ति राखेर बनाउनुपर्यो । जसलाई लालच केही नहोस्। कसैको कुरा नसुनोस्।केही कुरा नसुनोस् त्यस्तो चाहियो।अर्को विगत ५-७ वर्षदेखिको अध्यक्षज्यू।

हामीले अब यो दिगो विकास समितिमा हुने माननीयज्यूहरूलाई थाहा छ। हामीले चाहिँ यो सदाचार नीतिको एउटा छलफल गराऔं भनेर प्रधानमन्त्रीज्यूसँग टाइम माग्दा माग्दै व्यस्त हुनुभयो। हामीले सकेनौं। ७ वर्ष भइसक्यो सदाचार नीति तयार गरेको। त्यो लागू हुन सकेको छैन।किन लागू भएन त्यो सदाचार नीति? त्यो सदाचार नीतिलाई लागू गर्न कसले रोक्यो? सांसदले रोके। नेपाली जनताले रोके। ईच्छा शक्ति हुनुपर्यो नि।त्यो किन सदाचार नीति लागू भएन? म आजै खोजी गर्छु। रोष्टमबाट मैले मागेको छु अध्यक्षज्यू । सदाचार नीति कहाँ हराएको छ। म निवेदन गर्छु। हराएको ठाउँको खोजी अध्यक्षज्यूले पनि गराउँनको लागि अग्रसर भइदिनुहुन्छ भन्ने कुरामा म एकदमै आशावादी छु। ढुक्क पनि छु। र यो भएको भए सदाचार सबैभन्दा ठुलो शत्रु भनेको हाइफाइ, तडकभडक, छिमेकको देखेर आफूले त्यही अनुकरण गर्ने, अरूले घोडा चढे भनेर म धुरी चढ्छु भन्ने जुन मानसिकताको विकास भयो, त्यो धुरी चढ्ने मानसिकताको पनि यो परिणाम हो। त्यसले गर्दा यो सदाचार नीति अविलम्ब लागू गर्न पर्यो मेरो निवेदन छ अध्यक्षज्यू मार्फत्।

अर्को भ्रष्टाचार वा भ्रष्टाचारमा राजनैतिक नेतृत्व बढी मुछिएको जरो खोज्दै जाँदा महँगिँदै गएको निर्वाचन प्रणाली पनि हो कि।मलाई लागेको, मेरो आफ्नो विश्लेषण के हो भन्दा हामी अन्ततोगत्वा ठोक्किन चाहिँ निर्वाचनमा जान्छौं। निर्वाचन प्रणालीकै कारणले हामी यति धेरै लिप्त भएको हो कि। लिप्त भन्छु म। त्योभन्दा अरू शब्द म के प्रयोग गर्ने। र यो निर्वाचनलाई चाहिँ जिरो लगानीमा निर्वाचन हुने परिपाटीको खोजी गर्नपर्यो। कसरी हुन्छ निर्वाचन आयोगले खर्च गरोस्। जसरी हुन्छ जिरो लगानीमा उम्मेदवार पार्टीले दिन्छ। अनि त्यसपछि चाहिँ कसरी लगानी गर्ने, कसरी निर्वाचन लड्ने हो, निर्वाचन आयोगले तय गरोस्। उसले उसँग एक पैसा पनि छैन।यतापट्टि भयो भने हामी अगाडि बढ्न सक्छौं कि भन्ने यो भ्रष्टाचार अलि न्यूनीकरण हुन्छ कि भन्ने मेरो observe, मेरो आफ्नो सोच। र अध्यक्षज्यू अब म छोट्याउँछु।

अन्त्यमा के भन्दा हामी कस्तो छौं मलाई त भनुँ, नभनुँ लाग्छ। जनताले यसले चाहिँ अनियमितता गर्यो। यसमा अलिकति जनताको पैसा यसको पेटमा पर्यो।त्यसले गर्दा कारवाही होस् भनेर जनताले मागेको छ। सिङ्गो संसदले मागेको छ।सिङ्गो संसद अवरुद्ध भयो। र अध्यक्षज्यूलाई म भन्छु- यो संसदबाट हामीलाई पनि संसद अवरुद्ध गर्नको लागि हामी वेलमा आयौं। तर त्यो के गयौं, पछिको विश्लेषणको कुरा होला। हाम्रो सदस्य एकजना पनि यहाँबाट जान पाएन, हामीलाई चाहिँ, त्यसमा चाहिँ हाम्रो गुनासो छ। त्यत्रो भएको मान्छे नैतिकता त हुन्छ नि। छानबिन गर्नुस्। राजीनामा दिन्छु भन्न नसक्ने। त्यत्रो ठुलो छानबिन गर्ने निकायमा बसेको एउटा गृह मन्त्रीले? अनि भ्रष्टाचार मौलाउँदैन? हामीले कस्तो मान्छेलाई संरक्षण दिएका

छौं।म सम्माननीय प्रधानमन्त्रीलाई भन्छु यहाँबाट अध्यक्षज्यूमार्फत। निकाल्न सकिँदैन? पहिला पहिला तपाईँ राजीनामा दिनुस् है तपाईँलाई यस्तो अभियोग लाग्यो। यस्तो अभियोग लागेको छ। तपाईँ राजीनामा दिनुस्, क्लिन चिट पाएपछि आएर तपाईँलाई नै म गृह मन्त्री बनाउँछु भनेर प्रधानमन्त्रीले भन्न सक्नुहुन्न? के ले रोक्यो त्यत्रो ईच्छाशक्ति बोकेको प्रधानमन्त्रीलाई? सत्ता नै ठुलो कुरा हो? आउनुस् न अर्को चोटि बहुमत प्राप्त गरेर आउनुस्। स्वागत गरेर संसदले तपाईँलाई प्रधानमन्त्री बनाउँछ। सरकार बनाउँछ। सत्ता ठुलो कि मुलुक ठुलो? मुलुकलाई केन्द्रबिन्दुमा राख्ने कि सत्तालाई केन्द्रबिन्दुमा राख्ने? दिनदहाडै तपाईँलाई अभियोग लाग्यो, नहुन सक्छ।तर जनताले भने, संसदले भन्यो। अरू बुद्धिजीवीहरूले भनेका छन्। र मैले छोडें। छानबिन गर्नुस् भन्न सकिँदैन? त्यति पनि नैतिकता छैन? यस्ता नैतिकता नभएका मान्छेहरू बोकेर हिँडेर प्रधानमन्त्रीज्यू तपाईँलाई पनि अप्ठ्यारो पर्ला। त्यसैले म विवेक प्रयोग गर्नुस् र राजीनामा दिनको लागि।यस्तैले भोलि मनोबल बढ्दै जान्छ भ्रष्टाचारीहरूको । अनि हामीलाई सबै कुरा बोल्न बाध्य हुनुपर्छ। मैले यति कुरा राखें। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य सुमित्रा बि.सी.। समय ९ मिनेट।यसपछि माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१३:४९ बजे)<u>माननीय श्री सुमित्रा बि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, आज म यो भर्खरै असार ३ गते, अछामको पञ्चदेवल विनायक नगरपालिका-२ मा १६ वर्षकी किशोरीमाथि भएको

(१३:४९ बजे)पीठासीनः-माननीय जयन्ती देवी राई ।

<u>माननीय श्री सुमित्रा बि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:-ज्यादतीपूर्ण बलात्कारको म घोर भर्त्सना गर्न चाहन्छु। ३ गते घटना घट्यो। आज १० गते भइसक्यो। हाम्रो गृह मन्त्रालय के गर्दैछ? र गृहमन्त्रीले सदनमा आएर हामीलाई विश्वस्त दिलाउनुपर्यो कि दोषी नउम्कियोस्, निर्दोष नपरोस्। यसको सत्यतथ्य छानबिन होस्। नेपाली चेलीहरू दिनदहाडै इज्जत लुटिएका छन्। बलात्कृत भएका छन् । र यहाँ राज्य छ कि छैन महसुस गर्न पाएका छैनन्। जसको अभिभावक हुँदैन। त्यसको अभिभावक राज्य बन्न सक्नुपर्छ भन्ने मलाई लाग्छ। र यो मलाई विश्वास छ- वर्तमान गृहमन्त्री आएर यो सदनलाई अहिलेसम्म भएका गतिविधिका बारेमा

जानकारी दिनुहुनेछ। यस्तै हालै बाजुरामा पनि बडिमालिका भन्ने ठाउँमा जुगाडामा १६ वर्षीय बालिकाको एउटा विवाहित पुरुषले ललाई फकाई गरेर विवाह गर्छु भनी बदमासी गर्छन् र पछि ती किशोरीले आफू बलात्कृत भएको महसुस भइसकेपछि उनले आत्महत्या गर्ने कोसिस गर्छिन्। त्यो आत्महत्या गर्ने कोसिसबाट बचाएर अहिले उनी उपचारको क्रममा छन्। र उपचार गरिरहेकी बालिका त्यो प्रहरीले गरेको घटना रहेछ र त्यो प्रहरीलाई अहिले थुनामा राखिएको छ र यस्ता खाले देशको सुरक्षा गर्छौं भनेर जिम्मा लिएकाहरूले यस्ता घटनाहरू घटाउँदा अझै विशेष कारर्वाही होस् भन्ने म चाहन्छु।

र देशमा विभिन्न घटनाहरू घट्दाखेरि विभिन्न संघ संस्थाहरूले माग गर्नुपर्ने, कारवाही गरियोस् भन्नुपर्ने, सदनबाट आवाज उठाउनुपर्ने र विभिन्न पार्टीका भातृ सङ्गठनहरूले ज्ञापन पत्र दिनुपर्ने स्थितिको सिर्जना नभएर स्वयम् राज्यले आफैं घटना घट्नसाथ यसको खोजी गरेर सत्यतथ्य गरी दोषीमाथि कारवाही गरियोस् भन्ने म भन्न चाहन्छु। र यस्तै गरेर हामी सबैलाई थाहा छ। हाम्रै संसदभित्रै कर्मचारीहरूसहित कालोपट्टी बाँधेर आन्दोलन गरिरहनुभएको छ। विरोध जनाइरहनुभएको छ।र कर्मचारीका जायज मागलाई वार्ता टोली गठन गरी मलाई लाग्छ कानुन मन्त्रीको संयोजकत्वमा ३ सदस्यीय वार्ता टोली गठन भएको कुरा हामी सुनिरहेका छौं।र यो छिट्टै यो वार्ता टोली उहाँहरूका जायज माग सम्बोधन गरेर निष्कर्षमा पुगोस् भन्ने पनि म भन्न चाहन्छु।

अब यहाँ भ्रष्टाचारको धेरै कुराहरू उठिसक्याछ। पूर्व माननीयज्यूहरूले भनिसक्नुभएको छ- देशको कर्मचारी संयन्त्रको उच्च ओहदामा रहेका मुख्य सचिव बैकुण्ठ अर्यालसहितका १२ जनामाथि भ्रष्टाचारको मुद्दा दायर भयो। ३९ करोड बिगो राखियो। मलाई लाग्छ यो पत्रिकामा आएको कुरो ६ करोड ८४ लाख सायद मुख्यमन्त्रीको हिस्सामा पर्ने होला र यो ढङ्गले एउटा उच्च ओहदामा बसेका व्यक्तिहरूबाट यस्ता खालका गतिविधिहरू हुन्छन् भने कसरी देश विकास हुन्छ? र जनताहरूले तिरेको कर कसरी सुरक्षित हुन्छ? न जनताको जीउधनको सुरक्षा गर्न सकिने, न चाहिँ देशको विकास गर्न सक्ने, यस्ता खालका नियति भएका मानवहरू चाहे कोही जनप्रतिनिधि हुन्, चाहे कर्मचारी हुन्, यस्तालाई आवश्यक कारवाही गरेर एउटा भ्रष्टाचारमुक्त देश बनाउनका निम्ति हामी सबैले अब के गर्नुपर्ने हुन्छ। म सबैलाई एउटै डालोमा हाल्न चाहन्नँ। र यो नियतिवश जानीजानी गर्नेहरूलाई कडाभन्दा कडा कारवाही गरेर हाम्रो जुन कानुनी राज्यमा कानुनी व्यवस्था छ भन्ने कुरा प्रयोग गरेर अगाडि बढ्यौं भने जनताहरूले केही राहत पाउलान् र यस्तै गरेर म अहिले जनताप्रति चिन्तित हुने सबै केही मान्छेहरू चिन्तित छौं। र विज्ञहरूका अनुसार यो वर्षामा बाढीहरू धेरै आउने, बाढी आयो भनेदेखि मच्छरहरूले गर्दाखेरि डेंगु रोग

फैलने, यो डेंगु रोगलाई नियन्त्रण गर्नका निम्ति सरकार बेलैमा लागोस्। र यस्ता रोग नियन्त्रण कीटहरूको छिटै उपलब्ध गराओस्।र यो ७२ जिल्लामा १२६८ जना मान्छेहरू संक्रमित भइसकेको कुराहरू आएको छ। यसलाई हामीले समयमै सजग हुन सकेनौं भने मलाई लाग्छ। अब यसले महामारी फैलाउनेछ।यसको लागि म स्वास्थ्य मन्त्रालयको पनि ध्यानाकर्षण गर्न चाहन्छु।

यस्तै गरेर बाढी, पहिरोहरू आइरहेको छ। देशको विभिन्न भागहरूमा बाढी पहिरोले क्षति गर्न सुरु गरिरहेको छ। जाजरकोटको कुशे गाउँपालिकामा, गाउँपालिका वडा नं. १ का माल्टा पूरा माविका शिक्षक इन्द्र बहादुर रोकायाको बाढीले बगाएर निधन भएको छ र ४ जना घाइते हुनुभएको छ। म मृतक इन्द्र बहादुरप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र उहाँलाई क्षतिपूर्ति दिनका निम्ति राज्यलाई आह्वान गर्न चाहन्छु। र घाईतेहरूप्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उहाँहरूको औषधी उपचारका निम्ति राज्य लागोस् भन्न चाहन्छु।र अन्त्यमा फेरि नेपाली चेलीहरू कहिलेसम्म बलात्कृत भइरहने हुन् यसका निम्ति कडाभन्दा कडा कानुन बनाइयोस् भन्ने भनाइ राख्दै र दोषीहरूलाई कडाभन्दा कडा सजायँ दिइयोस् भन्ने कुरा राख्दै गृह मन्त्रीले यो सदनलाई छिटै जानकारी दिनका निम्ति अनुरोध गर्दै आफ्नो भनाइ टुङ्ग्याउँछु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे। समय ६ मिनेट।त्यसपछि माननीय सदस्य वामदेव गौतम।

(१३:५८ बजे)<u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, आज हामी हाम्रो देशको, मुलुकको अवस्थाको बारेमा चिन्ता व्यक्त गरिरहेका छौं।यसै सन्दर्भमा संविधानले प्रदान गरेको स्वास्थ्य मौलिक हकको रूपमा राखिएको छ। लामो समय खडेरी परेको छ। गाउँमा मान्छेहरू बिरामी भएका छन्। हाम्रो हिजोका संरचनाहरू हामीले गाविसलाई वडा बनाएका छौं। वडा कार्यालयमा वडाको स्वास्थ्य चौकीमा जान पनि धेरै टाढा छ। यस्तो अवस्थामा ज्वरो आउँदा खाने सिटामोल, झाडा पखाला लाग्दा खाने एमजीट र जीवनजल हरेक नागरिकको घरमा २-२ पाकेट पठाइदिन पाए कस्तो हुन्थ्यो होला? म सरकारसँग माग गर्छु यो बेलामा हामीले नजिक हुनेलाई त समस्या छैन होला। टाढा घरमा भएको मान्छे पखाला लागेपछि उठेर जीवन जल खोज्न जान पनि सक्दैन। त्यसैले गर्दा हरेक घरमा पठाउने व्यवस्था सरकारले गरोस्। यो ठुलो महँगो कुरा हैन। भारी

बोकेर लैजानु पनि पर्दैन।कम्तीमा २ पाकेट पठाउँदा पनि मान्छेको ज्यान जोगिन्छ। यो अभियानको रूपमा लैजानको निम्ति म सरकारसँग अनुरोध गर्छु।

र अहिले हामीले आम नेपालीले खाने गरेको खाद्य, तरकारी, फलफूल महँगी बढेको छ। त्यसैले गर्दा जीवन धान्न नसकेर मान्छेहरूले आवाजहरू उठाइरहेका छन्। मूल्य वृद्धि बढ्दाखेरि नियन्त्रण गर्ने कुरामा सरकारको ध्यान गएको छैन। एउटै सामानको एउटै मूल्य छैन। यो कारणले गर्दा धेरै अप्ठेरोमा परेको र बिचौलियाहरूले धनी भएको, किसानहरू मर्कामा परेको अवस्था छ। सरकारले यो खाद्यको मूल्य वृद्धि नियन्त्रणमा ध्यान देओस् भनेर म अनुरोध गर्न चाहन्छु। हामीले सबै प्रकारका भेदभाव अन्त्य गर्ने, दुर्व्यवहार, हिंसा, मानव बेचबिखन तथा ओसारपोसार गर्ने ऐन, २०६४ वैदेशिक रोजगारी ऐन, २०६४ हामीले निर्माण गर्‍यौं। त्यसले पुग्यो कि पुगेन, भएन भने संशोधन गर्नुपर्छ। आज एक ठाउँबाट अर्को ठाउँ लैजाने वा बाटोको प्रयोग गर्ने, नेपाललाई ट्रान्जिट बनाउने काम भएको छ। चाहेको मान्छेको कुरा गर्नुस्, चाहे मालसामानको कुरा गर्नुस्। यसले नेपालीलाई धनी बनाउँदै छैन, गरीब बनाउँदैछ। नेपालका स्रोत र साधनहरूलाई लुटेर, नेपालको बाटो प्रयोग गरेर मान्छेहरू रातारात धनी हुने कुरा, यस्तो खालको अवस्थामा हामीलाई पुर्‍याउँदाखेरिमा हाम्रो नैतिकता, हाम्रो देशको स्वाभिमान कता जान्छ। त्यसैले गर्दा ऐनमा संशोधन गरेर भए पनि यो ट्रान्जिट प्वाइन्ट बनाउने कुरालाई हामीले रोक्नुपर्दछ, सरकारले ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ।

र छाउपडी प्रथा जुनबेला गोठमा छोरीलाई राखिन्छ। ती छोरी बलात्कृत हुन्छिन्। गोठ राम्रो बनाउने कुरा मैले सुन्दैछु। सुरक्षित गोठ बनाउने रे। सुरक्षित गोठ हैन। त्यो गोठ, छाउपडी प्रथा जुन चाहिँ छोरीहरूलाई राख्ने गोठ भत्काउनुपर्छ। यो अभियानमा हामीहरूले हातेमालो गर्नुपर्छ। देशभरिकालाई आह्वान गर्नुपर्छ। यस्ता गोठमा मान्छेलाई राख्ने हैन, गोठमा त गाईवस्तुलाई राख्ने हो नि त। त्यसो भएको हुनाले हाम्रा छोरीहरू, हाम्रा चेलीहरू जतिबेला फुल्छिन्, तिनी त फुलेको हो नि।जसले सन्तान दिन्छिन्, त्यस्तो बेलामा उनी सुरक्षित घरमा बसेर राम्रो खान पाउनुपर्छ। र स्वस्थरूपमा, सुरक्षितरूपमा बस्न पाउनुपर्छ। किशोरीलाई एक्लै लगेर राख्दा अवस्था के हुन्छ? यो पनि हामी बाउआमा भएकाले सोच्नुपर्‍यो नि त।त्यसो भएको हुनाले गोठ भत्काउने अभियानमा हातेमालो गर्नको निम्ति म अनुरोध गर्छु। सरकारलाई ध्यान दिनको निम्ति म अनुरोध गर्छु।

र अर्को कुरा आज हाम्रो संयोगले शिक्षा मन्त्री अगाडि हुनुहुन्छ। साझा प्रकाशन सामुदायिक विद्यालयको पाठ्यक्रम चाहिँ उत्पादन गर्ने र हिजो हाम्रा बाटाघाटाहरू नहुँदाखेरिमा खच्चडलाई बोकाएर, मान्छेले बोकेर चाहिँ गाउँ दूरदराजमा चाहिँ पाठ्यक्रम पुर्‍याए, विद्यार्थीले

किताब पाए भन्ने हामीले सुन्थ्यौं।हिजो त्यो अप्ठ्यारामा काम गरेको साझा प्रकाशन मैले सुन्दैछु २६ महिनादेखि तलब खान नपाएर साझा प्रकाशनले काम गरेको छैन।हामीले १ देखि १२ कक्षासम्मको किताब उत्पादन गर्न दिएर सरकारलाई पनि आम्दानी हुने हिजोको त्यो संरचना हाम्रो ध्यान कहाँ गएको छ? हामी कतातिर दौडिरहेका छौं? हिजो भएका चीजलाई सबै छोडेर नयाँ नयाँ कहाँ कमिसन आउँछ त्यतैतिर दौडेको हो कि के हो? त्यसो भएको हुनाले हिजो भएको चीजलाई पनि हामीले लिन जान्नुपर्दछ। हामीसँग जे छ त्यसैमा रमाउनुपर्छ, त्यसलाई राम्रो बनाउनुपर्छ। साझा प्रकाशनको अवस्था त्यस्तो छ। अघि भ्रष्टाचारको कुराहरू उठ्यो। हामीले सुन्यौं। यहाँ सदनमा आइसकेको जलहरी काण्ड, भुटानी शरणार्थी काण्ड, सहकारी काण्ड, काण्डै काण्ड, अहिले चाहिँ मुख्य सचिव काण्ड। यो काण्डै काण्ड आइरहने, अनि मान्छेहरू बोल्न नसक्ने। हिजो त मान्छेहरूले चिच्याउँथे त। तपाईं कुन अवस्थामा हुनुहुन्छ। लौ हामीले उद्धार गर्छौं भन्थे। आज त कोही मान्छे बोल्दैनन्। के हामी त्यस्तो हुनलाई आएको हो? किन यस्तो अवस्था हो? जनतालाई चाहिँ के गर्ने भन्दाखेरिमा विभिन्न विषयहरू उठान गरेर, विषयान्तर गरेर जनतालाई होमिदिने, त्यतैतिर अल्मलिएर बसुन्, आन्दोलन गरेर, लाठा लिएर नआउन्, हामी यहाँ रमाइरहुँ भन्ने हो कि के हो? कि भ्रष्टाचारीहरूलाई एकापसमा चाहिँ छोप्नुपर्छ, जोगाउनुपर्छ भन्दाखेरिमा कोही बोल्न नसक्या हो?..... (समय सकिएको ) ।

<u>सम्माननीय अध्यक्ष</u>ः-माननीय सदस्य वामदेव गौतम। समय ५ मिनेट।त्यसपछि माननीय सदस्य रुक्मिणी कोइराला।

(१४:०५ बजे)<u>माननीय श्री बामदेव गौतम (मनोनित)</u>:-सम्माननीय अध्यक्ष महोदय, मैले केही समय पहिले नेपाल सरकारले नेपाल राष्ट्रलाई ठुलो अत्याचार गर्‍यो।सुनिदिनपर्‍यो भनेर विभिन्न ठाउँमा भनेको थिएँ। गएको सरकार अलि पहिलेको सरकार नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र अन्य कतिपय राजनीतिक पार्टीहरू मिलेर बनेको सरकारको पालामा भारतको अयोध्यामा रामको मन्दिर बनाउनको निम्ति उनीहरूले नेपालमा शालिग्राम मागे रे।अनि नेपाल सरकारले धुमधामसित त्यो शालिग्राम उठाएर, गाडीमा राखेर अयोध्या पुर्‍याइदिए।रामको मन्दिर त बनेन। मलाई त्योसित मतलब छैन।शालिग्राम लगेर रामको मन्दिर बनाउन् कि अरू जोगीको मन्दिर बनाउन् कि सीतालाई मात्र राखुन् कि त्योसित मतलब छैन। तर त्यो शालिग्राम के हो? मैले शालिग्रामबाट नै हीरा बन्छ, मैले भनें।मैले वैज्ञानिकसित सम्पर्क गरें। मैले बुझेको थिएँ। त्यही प्रक्रियाबाट पहिला कार्बन हुन्छ सबैको पदार्थ, जीवाश्म। मान्छे, जीव, जन्तु, बोट, बिरुवा

यिनीहरू मरेर नै एउटा खास ताप र प्रेसरमा परेपछि त्यो चाहिँ कार्बनमा परिणत हुन्छ, कोइलामा परिणत हुन्छ। अनि पहिले त्यो ठोस पदार्थ हुन्छ। त्यसपछि कोइला बन्छ। कोइला बनेपछि जब सङ्कुचित हुँदै हुँदै ठुलो चीज यति सानो हुन्छ। तर तौल घट्दैन।हो त्यस्तो अवस्थामा त्यो हीरामा परिणत हुन्छ। त्यो हीरा बन्ने २४ टन नेपाली सम्पत्ति विनामुआब्जा, मुआब्जा नराखीकन, मुआब्जा हैन कि त्यसको बारेमा केही मतलबै नराखीकन भारतलाई बुझाउने काम भयो। र त्यो गर्भ गृहमा राखिएको छ भन्ने सुनिएको छ। म मेरो चाहिँ विचार के हो भने त्यो नेपालले फिर्ता पाउनुपर्छ। त्यो हाम्रो सम्पत्ति हो।२४ टन हीरा बजारमा बिक्री गर्यो भने कति हुन्छ आज मैले बिहान हिसाब गर्न लागेको एउटा किताब सबै भरियो शून्य शून्यले भरिएर पनि पुगेन।मतलब सयौं ट्रिलियन, १ ट्रिलियनमा १००० डलर हुने। त्यो सयभन्दा पनि बढी त्यहीबाट हीरा बन्दाखेरि त्योबाट प्राप्त हुन्छ। अहिले चीनले त्यस्तो वस्तुलाई बाहिर निकालेर भूगर्भमा ताप र प्रेसर दिइन्छ त्यो बाहिर दिएर बाहिरै चाहिँ हीरा बनाएर बिक्री गरिराखेको छ। हामी त्यो वस्तुलाई अरूलाई दिन्छौं र फेरि त्यो राष्ट्रिय महत्त्वको विषय हो। त्यो राष्ट्रिय महत्त्वको हाम्रो मुलुक, हाम्रो सार्वभौम अधिकार सम्पन्न त्यस्तो चाहिँ विषयवस्तुमा विदेशलाई दिन पर्यो भने संसदबाट मात्रै त्यसको निर्णय गर्नुपर्छ। पहिले सम्झौता गर्नुपर्यो। के कार्यक्रमको निम्ति चाहिँ लैजाने हो।हामी तयार छौं कि छैनौं। त्यो एउटा सरकारको प्रक्रियाभित्रबाट जानुपर्यो।उताबाट निम्ता आउनुपर्यो। माग हुनुपर्यो। त्यसपछि संसदले त्यो सम्झौता सन्धि भइसकेपछि दुईतिहाइ बहुमतबाट पारित गर्नुपर्दछ। तब मात्र त्यो विदेशीलाई दिन सकिन्छ, अरू कसैलाई दिन सकिन्छ।तर केही पनि नगरीकन गोजीमा राखेका सुपारीका टुक्राजस्तै बाँड्दै हिंड्न पाइन्छ? मेरो विचारमा आज नभए पनि भविष्यमा कुनै दिन यस सरकारमा रहेका र आजसम्म पनि विषय उठ्दाखेरि कहिले पनि गम्भीरतापूर्वक नलिने प्रधानमन्त्रीहरू कठघरामा जानैपर्छ। र उनीहरूले जवाफ दिनुपर्नेछ नेपाली जनतालाई, हाम्रा सन्ततिहरूलाई जवाफ दिनुपर्ने छ ।त्यसो भएर यस सम्बन्धमा सम्माननीय अध्यक्षमार्फत् प्रधानमन्त्रीलाई गुहार्छु मैले। उहाँलाई यहाँ सदनमा ल्याउनुपर्छ। म अनुरोध गर्छु सबै राष्ट्रिय सभाका माननीय सदस्यहरूलाई यस विषयमा अध्ययन गरिदिनुहोस्, केही न केही अध्ययन गरिदिनुहोस्।पाउन सक्नुहुन्छ, विद्वान हुनुहुन्छ। जान्नुभएको छ। मैले गलत भनेको छु भने गलतै बताउनुहोस्। हैन सही हो भने त्यो दिशामा त्यसरी प्राप्त भएको हाम्रो सामान विदेशमा गएको छ। मैले यहीँ पनि विषय उठाएँ।तर ..... (समय सकिएको) ।

<u>सम्माननीय अध्यक्ष</u>ः-माननीय सदस्य रुक्मिणी कोइराला। समय ६ मिनेट।त्यसपछि माननीय सदस्य गोमादेवी तिमिल्सिना।

(१४:१० बजे)**माननीय श्री रुक्मिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, हाम्रो राष्ट्र र समाजमा पितृ सत्ताद्वारा संस्कार, संस्कृति, मूल्य, मान्यता र व्यवहारले पुरुषलाई प्रभुको स्थानमा राखेको छ भने महिलालाई पुरुषको सेवकका रूपमा राखेको पाइन्छ। पितृसत्ताद्वारा स्थापित संस्कार, संस्कृति, मूल्य मान्यता र व्यवहारले श्रीमतीलाई एउटै रथका दुई पाङ्ग्रा भनिएता पनि विवाहपछि श्रीमानलाई मालिक र श्रीमतीलाई दासीको स्थानमा राखिने परम्परा रहेको छ। र हाम्रो संविधानको धारा ३८ मा महिलाको हकमा लेखिएको छ- महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य आधारमा शारीरिक, मानसिक, यौनजन्य मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनिएको छ र भनिएता पनि आज राज्यले आफ्ना नागरिकहरूलाई सुरक्षित राख्न सकिरहेको छैन। महिला हिंसाका जघन्य अपराध, घटनाहरू, बालिका हिंसा, बालक हिंसा, किशोरीहरू र एकल महिलाहरूलगायत जन्मिने बित्तिकै ३ महिना ३ वर्षसम्मका बालिकाहरूलाई पनि यसरी हिंसा गरिएको छ। र दाइजोका कारणले हिंसा गरिने बाल विवाह, दहेज हिंसा नयाँ दुलहीलाई जलाउने, तेजाब खन्याउने, महिलाको शरीर अङ्गभङ्ग गराउने, बलपूर्वक गर्भपतन गर्नुपर्ने, डर धाक धम्की, बलात्कार, बोक्सीको आरोपमा यातना दिने, देउकी, वादी, झुमा, छाउपडी, छुवाछुत, आज ४ वर्षकी बालिकादेखि ७० वर्षका वृद्धहरू बलात्कृत भइरहेको अवस्था छ। देशको हरेक क्षेत्र वा जिल्ला जिल्लाबाट पत्रपत्रिकामा, अनलाइनमा समाचारमा आइरहन्छन्। यति हुँदाहुँदै पनि अझ देशभरि २००० देखि ३००० सम्म बलात्कार भइरहेका छन्। बिहान स्कूल गएकी छोरी भरे फर्केर घर आउने हो कि हैन भन्ने चिन्ताले अभिभावकलाई सताइरहेको छ।

घरेलु हिंसा त्यत्तिकै छ।सासूबाट बुहारी, बुहारीबाट सासू अन्य अन्य सामाजिक स्थितिमा पनि घरेलु हिंसा मौलाएर गैरहेको छ। सुस्त मनस्थितिमा भुसको आगोजस्तो सल्किएर गैरहेको छ।कहिले छोराले आमा, आमाले छोरा, श्रीमानले श्रीमती, श्रीमतीले श्रीमान यस्तै यस्तै समाजमा दिनानुदिन घटनाहरू मृतकका घटनाहरू घटिरहेको हामीले सुन्न पाइरहेका छौं।अहिले शिक्षकबाट विद्यार्थी बलात्कृत भइरहेका छन्। र यसैगरी घर परिवारको दुर्व्यवहारको कारण मानसिक तनावका कारण हत्याका घटनाहरू घटिरहेका छन्। जहाँ महिलाहरूलाई असहज स्थितिमा बाँच्न बाध्य पारिरहिएको छ।महिला भएकै कारणले जन्मदेखि मृत्युसम्म हिंसापीडित भएर रहनुपर्ने किन? म गृहमन्त्रीज्यूलाई प्रश्न सोध्न चाहन्छु- महिला भएकै कारण यस्तो घृणित अपराध कहिलेसम्म भोग्नुपर्ने हो? हिंसा जहिले पनि शारीरिक, मानसिक, सामाजिक, आर्थिक वा

राजनीतिकरूपमा शक्तिमा हुनेहरूले कमजोर पक्षमाथि गर्ने गरेको पाइएको छ। समाजमा त्यस्ता व्यक्तिहरूलाई अदालतले दोषी ठहर्याई कारागारमा पुग्न नपाई माफी पाएर थुनामुक्त गरिन्छ। त्यसैगरी अपराधीहरूको मनोबल त्यसैकारणले बढेर गैरहेको छ। थप हिंसाका घटनामा सामेल भएको देखिन्छ। यस्ता घटनाले पीडितलाई न्यायभन्दा पीडा थपिरहेको छ। दण्डहीनताको अन्त्य र अपराधीलाई कडाभन्दा कडा कारवाही गर्न गृह मन्त्रीसँग माग गर्दछु। हिजो महिला हिंसा बारे अछामको घटनालाई लिएर साथीहरूले माननीयज्यूहरूले बोल्नुभएको कुरामा म ऐक्यबद्धता जनाउन चाहन्छु। आज पनि माननीयज्यूले बोल्नुभयो। त्यसमा पनि म ऐक्यबद्धता जनाउन चाहन्छु।

अन्त्यमा सामाजिक न्यायका लागि दरिलो कानुन बनाएर अघि बढ्नु आजको आवश्यकता देखिन्छ। सचिवालय, संसद सचिवालयका कर्मचारीका जायज माग सम्बोधन गर्न सरकारसँग माग गर्दछु। जाजरकोटमा बाढीले बगाउँदा १ जनाको मृत्यु, ६ जना घाइते, पाँचथर, याङवरक गाउँपालिका २ मा जोखिममा रहेका १०५ जना प्रभावितलाई सुरक्षित स्थानमा राखिएको छ। ताप्लेजुङ र संखुवासभामा पनि ४७ जनाको जोखिममा रहेका सुन्नमा आएको छ। उद्धारका लागि सरकारसँग माग गर्दछु। स्वास्थ्य बीमा कार्यकर्ताको माग सम्बोधन गर्न सरकारसँग माग गर्दछु। धन्यवाद। नमस्कार।

<u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्य गोमादेवी तिमिल्सिना। समय ६ मिनेट।त्यसपछि माननीय सदस्य पदम बहादुर परियार।

(१४:१७ बजे)<u>माननीय श्री गोमा देवी तिमिल्सीना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, आज म जहिलेसुकै रुग्ण उद्योगको भन्दा अरू कुरा गर्न नजान्ने भएँ जस्तो लाग्छ यहाँनेर मलाई। अब जाने पनि मलाई त्यही नै भन्न मन लाग्यो। आज १९६० कार्तिक ३० गते स्थापित भएको किताब तर्जुमा गर्ने अड्डाका रूपमा एउटा संस्था दर्ता भयो। अनि १९७० मा त्यही संस्थालाई फेरि गोरखा भाषा प्रकाशन समिति भनेर फेरि त्यसैलाई नामकरण गरियो। त्यसपछि २०२१ मंसिर १७ गते फेरि नाम परिवर्तन गरी त्यसलाई साझा प्रकाशनको रूपमा नामकरण गरियो। साझा प्रकाशन यो १९६० भनेको सायद राणाकालकै बेला हो।राणाकालमा जन्मेको एउटा संस्था आज गणतन्त्र, लोकतान्त्रिक गणतन्त्रमा आइपुग्दाखेरि त्यो जीर्ण त्यो हामीलाई कताबाट कसले सहयोग देला भनेर त्यो रोइरहेको अवस्थामा छ।शिक्षा मन्त्री त निस्कनुभयो क्या हो।यो शिक्षासँगै सम्बन्धित भएको हुनाले उहाँलाई नै सुनाउन जरुरी

छ मेरो विषय नै त्यस्तै परेछ फेरि। अघि अलिकति अर्को माननीयले सुनाउनुभयो। अब यस्ता संस्थाहरूलाई हामीले जोगाउने कि यो पुरातत्त्वसँग सम्बन्धित भयो, १२१ वर्ष भएछ, त्यो संस्था जन्मेको। अनि यो संस्था अहिले रुग्ण भएर धर्धरी रोइराखेको छ। यहाँ साहित्यकार कृष्णचन्द्र सिंह प्रधानको पालामा त्यहाँ एउटा मेसिनहरू जोडिएको थियो। त्यो मेसिन नचलीकन पछि त्यो साझा प्रकाशनलाई चलाउन छोडियो। र नचलेपछि त्यो ७२ को भूकम्पले त्यसलाई फेरि त्यो घरै नै धराशायी बनाएको छ। अहिले त्यहाँ एउटा काठको टेको लगाएर केही कर्मचारीहरू काम गरेर बस्नुभएको छ। कतिबेला त्यो ढलेर कतिबेला उहाँहरू किचिनुहुन्छ भन्ने डरको त्रासले उहाँहरू बसिरहनुभएको छ। हिजो सडक यातायात नबन्दाखेरि त्यो साझा प्रकाशनका कर्मचारीले पिठ्यूँमा भारी बोकेर देशका कुना कन्दरामा पुस्तकहरू पुर्याउने गरेका थिए। तिनै पुस्तक पढेर डाक्टर, इन्जिनियर, पाइलट, राजनीतिज्ञ सबै तहमा छाउने तिनै पुस्तक पढेर हुनुभयो। अब हामीलगायत धेरै जना यहाँ तिनै पुस्तक पढेका मान्छेहरूको उपस्थिति छ। अहिले जम्मा ७० जना कर्मचारीहरू त्यहाँ काम गर्नुहुन्छ। उहाँहरू वर्षौंदेखि भोकभोकै पटुका कसेर काम गरिरहनुभएको छ। योभन्दा अगाडि उहाँहरूले जो जतिले अवकाश पाउनुभयो, जो राजीनामा दिएर जानुभयो। उहाँहरूले अहिलेसम्म पाउनुपर्ने हरहिसाबहरू केही पनि पाउनुभएको छैन। यस्तो नेपालका मूर्धन्य व्यक्तित्वहरू हाम्रा नाम सुन्दा पनि ओहो भन्ने त्यस्ता व्यक्तित्वहरूको त्यहाँ पुस्तक लेखनमा सहभागिता छ। उहाँहरूको लगानी छ। त्यहाँ लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, भूपी शेरचन, पारिजात, भीमनिधि तिवारी, लेखनाथ पौडेल, माधव घिमिरे, सत्यमोहन जोशी, बीपी कोइराला जस्ता व्यक्तित्वहरूको त्यहाँ लेखनमा सहभागिता छ। उहाँहरूको लगानी छ। अब यस्तो खालको संस्थालाई हामीले जगेर्ना गर्न सकेका छैनौं। त्यसलाई हेरेकै छैनौं। हेर्दै हेर्दैनौं।

हामीलाई कहाँनिर अलिकति अघि नै यहाँ मुख्य सचिवको सम्म कुरो आयो। कहाँनिर अलिकति चलखेल गर्न पाइन्छ त्यस्तो ठाउँमा मात्रै हामीले बसेर हेर्ने, नीति बनाउने, अनि हामीले नयाँ नीति बनायौं भन्ने तर पुरानोलाई बिर्सिदिने। आमाबाउलाई नै बिर्सिदिने छोराछोरीले हुन्छ त्यस्तो? हुन सक्तैन। त्यसो भएको हुनाले यो संस्थालाई जसरी पनि जोगाएर लानको लागि के छ यसमा हामी माननीयज्यूहरूको पनि यसमा जिम्मेवारी छ। यसलाई खोजी गरौं। सरकारलाई खबरदारी गरौं। सरकारले यस्ता कुराहरू गर्दैन भने के काम गर्ने? के कुरा गर्ने? खालि सरकार ढलाउने र जोगाउने र बचाउने मात्र कुरा गर्ने हैन। अब यो सँगसँगै धेरै जनाले यो बलात्कारको कुरा गर्नुभयो। त्यो बलात्कारको कुरा गरिरहँदाखेरि मेरो पनि मन चरक्क चर्क्यो। म पनि एउटा आमा हो, हजुरआमा हो। त्यो बालिकाको त्यो दुर्दशा भएको देख्दाखेरि।

अनि निर्मला पन्तको म तुरुन्तै २ दिनमा एकदम कारवाही गर्छु भनेको अहिले अब गृहमन्त्री भन्न त मिल्ने हो कि हैन। उहाँ हुनुभएको पनि धेरै समय भइसक्यो अहिलेसम्म लेखाजोखा छैन। थपिराखेको छ अझै, घटना अझै थपिरहेको छ। अब दिन दैनिक परेका घटनाहरू त्यो एकपछि सेलाउन नपाउँदै अर्को भएको छ। घोटालाको निराकरण गरौं भनेर भन्दा उहाँ नै तयार हुनुहुन्न। यस्तो गृह ..... (समय सकिएको) ।

सम्माननीय अध्यक्षः- माननीय सदस्य पदम बहादुर परियार। समय १० मिनेट। त्यसपछि माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१४:२३ बजे)सम्माननीय पदम बहादुर परियार (नेपाली काँग्रेस):-सम्माननीय अध्यक्ष महोदय, आजको संसदको बैठकमा म खास गरीकन ५ वटा महत्त्वपूर्ण, सार्वजनिक महत्त्वपूर्ण, महत्त्व राख्ने विषयहरूको बारेमा संसदलाई जानकारी गराउने र म ध्यानाकर्षण गराउँन कोसिस गर्ने छु।

सर्वप्रथम, आजमात्रै सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको तर्फबाट सिंहदरबार परिसरमा निर्माणाधीन सांसद भवनको हामीले समितिको तर्फबाट अनुगमन गरेका छौं। अन्य विषयहरूमा समितिका सम्बन्धित पदाधिकारीज्यूहरू, माननीयज्यूहरूले जानकारी गराउनु होला एउटा मात्रै विषय म यहाँ यो संसदको रेकर्डमा केही दर्ज गराउँन चाहन्छु भने सहरी विकास मन्त्रालयका सम्बन्धित अधिकारीहरू र आयोजनाका निर्माणकर्ताहरूले के जानकारी गराउनु भएको छ भने यो संसद भवन सबै खालका अपाङ्गता भएका व्यक्तिहरूलाई पहुँचयुक्त हुने गरेर बनाइने छ भनेर जानकारी गराउनु भएको छ हेर्दै जाउँ यो भवन कति धेरै पहुँचयुक्त हुने छ। अथवा यस्तै खालको संसद भवन बन्नेछ, त्यो आगामी दिनले देखाउने छ तर म सम्पूर्ण माननीयज्यूहरूलाई सभाध्यक्षज्यूमार्फत सम्पूर्ण माननीयज्यूहरूलाई यस विषयमा निरन्तर कुरा उठाइदिनुहुनको लागि पनि अनुरोध गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, यो असार महिना धेरै कुराले चाहिँ महत्त्वपूर्ण छ। धेरै कुराले असार महिनालाई सम्झिने गरिन्छ। एउटा त मानो खाएर मुरी फलाउने भनेर हामी सम्झन्छौं, अर्को असारे विकास भनेर पनि हामीले धेरै तरिकाले राम्रो नराम्रो, धेरै तरिकाले सम्झने गर्दछौं भने असारलाई सम्झने अर्को पनि महत्त्वपूर्ण विषय के छ भने यस वर्ष नेपाल सरकारले लगभग १५ खर्ब राजस्व उठाउने लक्ष्य राखेको छ। यही असार महिनामा मात्रै लगभग २/३ खर्ब राजस्व उठ्दछ। तर आन्तरिक राजस्व कार्यालय अर्थ मन्त्रालयअन्तर्गतको

आन्तरिक राजस्व कार्यालयले यो देशको ढुकुटी भर्नको लागि गएका करदाताहरूलाई गरेको व्यवहार सम्झने हो भने ती करदाताहरूको अनुभव मैले केही करदाताहरूसँग उहाँहरूको अनुभव सुन्ने मौका पाए। उहाँहरूले राज्यलाई कर त दिनु भएको छ तर उहाँहरू कत्ति पनि खुसी हुनु भएको छैन खुसी नभएको एउटा मात्र कारण के हो भने आन्तरिक राजस्व कार्यालयमा कर तिर्न जाँदाखेरि त्यहाँका कर्मचारी मित्रहरूले जस्तो खालको व्यवहार, जस्तो खालको सहजीकरण गर्नु पर्ने हो त्यो नगरिदिएको कारणले त्यो झन्झटिलो बनाइदिएको कारणले गर्दा करदाताहरू बेखुस भएर  आफ्नो राज्यलाई व्यर्थ कर तिरियो भन्ने महसुस गरेर फर्किनु परेको अवस्था छ। तसर्थ म सभाध्यक्ष महोदयमार्फत म नेपाल सरकारको ध्यानाकर्षण के गराउँन चाहन्छु भने सम्पूर्ण आन्तरिक राजस्व कार्यालयहरूलाई करदातामैत्री बनाइयोस्। करदाताहरू कर तिर्न जाँदाखेरि राज्यको ढुकुटी भर्न जाँदाखेरि चाहिँ कुनै एउटा अभियुक्त भएर जान नपरोस् उहाँहरूलाई सहजीकरण गरियोस्, उहाँहरूलाई प्रक्रियाहरू सिकाइयोस्, यो देशको ढुकुटी अझ धेरै बढोस् करदाताहरूलाई अझै सहजीकरण गरियोस् भन्ने म चाहिँ ध्यानाकर्षण गराउँन चाहन्छु।

अर्को महत्त्वपूर्ण विषय के छ भने सभाध्यक्ष महोदय, म केही दिन अगाडिदेखि अलिकति दुःखद् घडीमा म सङ्लग्न हुँदै आएको छु । केही दिन अगाडि मात्रै मेरो आफ्नै पारिवारिक घटनामा म सङ्लग्न भएर आएँ, लगायत बिहानसम्म पनि म चाहिँ पशुपतिमा केही त्यस्तो अन्तिम संस्कारमा सहभागी भएर आएँ। धेरै दलित समुदायका व्यक्तिहरूले के भन्नु भयो भने दलित समुदायले आफ्नो जन्म, विवाह, मृत्युलगायतका महत्त्वपूर्ण संस्कारहरू गर्नलाई पुरोहित पण्डितहरू पाइँदैन। ०५५/०५६ सालमा म सम्झन्छु मेरो घरमा सत्यनारायणको पूजा लगाउँदाखेरि पण्डितलाई चाहिँ आउनु हुन्छ भनेर conform गरिसकेको मान्छे पूजा लगाउने दिन उँहाले त आउन मिल्दैन, हामी त आउन मिल्दैन भन्नु भयो। उहाँ व्यक्तिगतरूपमा मेरो साथी हुनुहुन्थ्यो आउँछु भनेर म आउनलाई केही समस्या थिएन भन्नु हुन्थ्यो तर समाजको डर छ, मैले अरू पनि त पेशा गरेर खानु पर्यो, अरूको पनि त सेवा गर्नु पर्यो, तसर्थ मैले काम नपाउने हिसाबले म चाहिँ त्यो सेवा गर्न सक्दिनँ भनेर उहाँले भनेको सम्झन्छु। नेपाल देशका सहिद बिक्रम परियार जो क्रिश्चियन धर्मालम्बी हुनुहुन्थ्यो। उहाँको समाधिस्थल नपाएर कति गाह्रोसँग उँहाको समाधि गर्नु पर्यो त्यो दिन पनि सम्झिन चाहन्छु। विहान मात्र एकजना नेताले भन्नुहुन्थ्यो उहाँको गाउघरमा पुरोहित नपाएर काठमाडौंबाट धेरै पैसा खर्च गरेर पुरोहित लिएर गएर गाउँमा चाहिँ कर्म चलाएको भनेर उँहाले अनुभव सुनाउँदै हुनुहुन्थ्यो। यी सबै कुराको सार म संसदमा के भन्न चाहन्छु भने दलित समुदायले खास गरीकन हिन्दु धर्माबलम्बी दलित समुदायले अहिले पनि पुरोहितहरू, पण्डितहरू नपाइरहेको अवस्था छ। यो हाम्रो पुरोहीत, पण्डितहरूलाई मात्र दोष

लगाएर हुँदैन, सम्पूर्ण समाज नै सम्पूर्ण राज्य नै यसमा चाहिँ दोषी छ। तसर्थ हामी सबैले यससम्बन्धमा काम गर्नु आवश्यक छ। नेपाल सरकारसँग माग गर्न चाहन्छु, सभाध्यक्ष महोदयमार्फत कि दलित समुदायका पुरोहितहरू, पण्डितहरू बढाउनका लागि राज्यले कार्यक्रमहरू लिएर् आओस् । त्यतिमात्र होइन क्रिश्चियनलगायतका अन्य धर्म मान्ने दलित समुदायका लागि समाधिस्थल र अन्य सम्बन्धित उपयुक्त कार्यक्रमहरू लिएर आओस् भनेर म माग गर्न चाहन्छु।

तेस्रो विषय सम्माननीय अध्यक्ष महोदय, यो स्वास्थ्य बिमा कार्यक्रम नेपाल सरकारको अत्यन्त सफल कार्यक्रमको रूपमा मानिन्छ तर स्वास्थ्य बिमा कार्यक्रमलाई समुदायस्तरमा कार्यान्वयन गर्न दर्ता सहयोगीहरू अहिले आन्दोलनरत छन्। एउटा समूह बनाएर उँहाहरू आन्दोलनमा हुनुहुन्छ, ६ गतेदेखि आन्दोलन गर्नु भएको अहिलेसम्म उँहाहरूको माग चाहिँ प्रस्टरूपमा नेपाल सरकारले सुनेको छैन भन्ने कुरा आएको छ। उँहाहरूको माग उँहाहरूले पाउने आयकर शुल्कमा १५ प्रतिशत चाहिँ जुन त्यो TDS लगाइएको छ। त्यो चाहिँ मिनाहा हुनुपर्छ भन्ने छ तसर्थ नेपाल सरकारले उँहाहरूसँग उपयुक्त वार्ता गरेर उँहाहरूसँगको चाहिँ वार्तालाई निष्कर्षमा पुर्याउने कदमचाहिँ चालोस् भनेर म सदनलाई ध्यानाकर्षण गराउँन चाहन्छु भने अन्तिममा नेपाल सरकारको अत्यन्तै महत्त्वपूर्ण सेवा नेपाली नागरिकहरूलाई दिने सेवा सामाजिक सुरक्षा कार्यक्रम, सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत नेपाल सरकारले अहिले लगभग २० वटा जिल्लाहरूमा पाइलटको रूपमा राष्ट्रिय परिचयपत्र सामाजिक सुरक्षा भत्ता लिनको लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको छ। तर, गाउँ गाउँबाट त्यो चाहिँ असोज मसान्तसम्म पनि गरे हुने प्राबधान छ तर गाउँ गाउँसम्म चाहिँ गाउँ गाउँका व्यक्तिहरू चाहिँ डोकोमा बोकिएर ग्यास सिलिण्डर सँगै लिएर एम्बुलेन्समा चाहिँ भाडाको पैसा तिरेर गाउँ सहरमा आएर चाहिँ राष्ट्रिय परिचयपत्र बनाउन बाध्य भएका छन्। कम्तीमा स्थानीय तहमा नै हाम्रो संरचना छ संघीयता अनुसारको संरचना छ, कम्तीमा स्थानीय तहमा ल्याई ती व्यक्तिलाई राष्ट्रिय परिचयपत्र बनाउने व्यवस्था गर्न पाएको भए कति राम्रो हुने थियो।तर सरकारले अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिकलगायत व्यक्तिहरूले पाइरहेको यो दुःख सरकारले नदेखेको हो कि नसुनेको हो? अथवा तिमीहरूले नै फाइदा पाउने हो जे गरे नि हुन्छ तिमीहरूले गर भनेर अलिकति सरकारचाहिँ लापरबाहीपन देखाएको हो की? योतर्फ पनि म सरकारको ध्यानाकर्षण गराउँन चाहन्छु। अन्यमा केही समय अगाडि म जिल्लातिर जाँदाखेरि बजेट कस्तो छ भनेर चाहिँ मसँग पनि स्थानीय जनताहरूले चाहिँ नागरिकहरूले सोध्नु भाथ्यो मैले पनि नागरिकहरूसँग चाहिँ बजेट कस्तो पाउनु भयो तपाईंहरूले भनेर चाहिँ जिज्ञासा राखेको थिएँ।त्यसमा एउटा सत्तारुढभन्दा

बाहिरको दल, प्रमुख प्रतिपक्षहरूको दलको हिसाबले बजेटका राम्रा पक्ष, नराम्रा पक्ष दुबै भनियो। तर यसको अचम्म लाग्दो एउटा पाटो चाहिँ के रहेछ मैले पनि महसुस गरेको भने यो डाडु पन्यु चाहिँ जथाभावी चलाउने प्रवृति हामीले यहाँ संसदमा उठेर संघीय सरकारको त विरोध गर्यौं तर फेरि प्रदेश सरकारहरूतिर फर्केर हेर्दाखेरि त प्रचलन त त्यही रहेछ हैन? संस्कार त त्यही रहेछ। त्यही देखिसके पछाडि समग्रमा चाहिँ के देखियो भने बजेटमा चाहिँ नेपाली राजीतिक दलहरूले जथाभावी के त जस्तो मन लाग्यो त्यस्तै आफ्नो डाडु पन्यु चलाउने संस्कार भएको देखियो।यस्तो संस्कारले देश विकास गर्न सकिन्छ जस्तो मलाई लाग्दैन तसर्थ यी सबै कुराहरू यस सदनमा जानकारी गराउँदै म चाहिँ बिदा हुन चाहन्छु।धन्यवाद।

<u>सम्माननीय उपाध्यक्षः</u> माननीय सदस्य गंगाकुमारी बेल्बासे समय १० मिनेट।

(१४:३३ बजे)<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):--</u> सम्माननीय अध्यक्षज्यू, साउदी अरबको मक्का मदिनामा हज गर्न जानु भएका हज यात्रीहरू, तिर्थ यात्रीहरू १३०१ जनाको गर्मीका कारणले ज्यान गइसकेको छ। म उँहाहरूप्रति श्रद्धान्जली व्यक्त गर्दै आगामी वर्षहरूमा यस्तो यात्रामा जाने क्रममा त्यहाँको वातावरण त्यहाँको अवस्था, आर्थिक अवस्था सबै कुराको ध्यान दिएर यस्तो विषयमा अलि गम्भीरतापूर्वक व्यवस्थापन गरियोस् भन्ने कुराहरू म राख्न चाहन्छु। यो हाम्रो मात्रै देशको भएन संसारभरिकै भयो र जहाँ मुस्लिम धर्माबलम्बीहरू हुनुहुन्छ उहाँहरूको विशेष चासोको विषय हो भन्ने कुरा म राख्न चाहन्छु।

त्यसै गरेर लामो समयदेखि नेपालमा नीतिगत भ्रष्टाचार छ भनेर विषयहरू उठिराखेका हुन् । म यतिखेर कम्रेड निर्मल लामालाई सम्झिन चाहन्छु।उँहाले आजभन्दा २७ वर्ष अगाडि नीतिगत भ्रष्टाचारले देश खायो देश डुब्यो यहाँबाट उत्रिनु पर्छ, मुक्त गर्नु पर्छ भनेर विषय उठाउनु भयो। बिरामीको अवस्थामा हुनुहुन्थ्यो।क्यान्सरको पीडादायी अवस्थामा हुनुहुन्थ्यो।उँहालाई नागरिक अभिनन्दन गरिएको थियो।त्यो ठाउँबाट उँहाले भन्नु भयो यो नीतिगत भ्रष्टाचारको अन्त्य नभएसम्म देश मुक्त हुन सक्दैन भन्नु भएको थियो।आज त्यही अवस्था आएको छ उँहाको भनाइ पनि म भन्न, सम्झिन चाहन्छु।मेरो सम्झना गरी खाने वर्गले गरोस् काम गरेर क्रान्ति गरेर सधैं अगाडि बढेर भन्नु हुन्थ्यो।काम गर्ने क्रान्ति गर्ने र सधैं स्वच्छ विचार बोकेर अगाडि बढ्ने हो भने हामी भ्रष्टाचारमा डुब्न पर्दैन, हामी आफ्नो श्रम पसीनाको कमाइबाट खान सक्छौं र बाँच्न सक्छौं । यति सुन्दर देशमा जन्मेका छौं र यो

देशको एउटा गरिमा डुबेको छ। आजभन्दा ६ वर्ष अगाडि म हरेक office हरूमा जाँदाखेरि लेखेको म भ्रष्टाचार गर्दिन, हुन पनि दिन्न भन्ने कुराहरू मैले देखेको थिएँ। ए एउटा चेतना जागेछ क्यारे, एउटा राम्रो प्रगति सुरु भएछ क्यारे भन्ने लाएको थियो। आज ठुलादेखि सानासम्म यस्ता घटनाहरू गरेको सूचनाहरू आइराख्दाखेरि घटनाहरू आइरहँदाखेरि एउटा दुःख लागिरहेको छ। यहाँबाट हामी मुक्त हुनका लागि सबैमा एउटा चेतना जागोस् भन्ने कुराहरू म राख्न चाहन्छु।

र म अर्को विषयमा सम्माननीय अध्यक्षज्यू, म राष्ट्रिय निकुञ्जको अवस्था र राष्ट्रिय निकुञ्ज ऐनले सम्बोधन गर्न नसकेको जनताका समस्याहरूको केही विषयहरू म राख्न चाहन्छु। चितवन राष्ट्रिय निकुञ्ज १९७३, सन् १९७३ मा स्थापना हुन्छ, आज ५२ वर्ष भयो। चितवन राष्ट्रिय निकुञ्ज निर्माण गरिएको त्यहाँ त्योभन्दा अगाडिदेखि मानव वस्ती थियो। त्योभन्दाभित्र

(१४:३७ बजे)पुनः पीठासीनः-सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहाल ।

<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-</u>माडी क्षेत्रमा, माडीमा चारओटा पालिकाहरू थिए गाउँपालिकाहरू थिए पछि अहिले नगरपालिकामा परिणत भएको छ र त्यसो हुँदाखेरि त्यो राष्ट्रिय निकुञ्जभन्दा जेठो बस्ती आज एउटा निकुञ्जको घेरा भित्र तिनतिरबाट निकुञ्ज र दक्षिणतिरको जङ्गल भएको कारणले एउटा निकुञ्ज भित्र परेको छ र त्यहाँ मानवबस्ती जर्जर बनेको छ र यो निकुञ्ज ऐन आज ५२ वर्ष भयो निकुञ्ज ऐन बनेको र त्यसमा सुधार गर्नु पर्ने फेर्नु पर्ने र नयाँ लेख्नुपर्ने थुप्रै विषयहरू छन्, म पछि राख्नेछु। यस्तै गरेर निकुञ्ज ऐन आइसकेपछि विभिन्न निकुञ्जहरू निर्माण गरियो । चितवन राष्ट्रिय निकुञ्ज, लामटाङ यस्तै गरेर रारा राष्ट्रिय निकुञ्जलगायत पछिल्लो समयमा सबैभन्दा पछि शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज सन् २०१७ मा स्थापना गरिएको छ र उ ७ वर्षको मात्रै भएको छ। र यी सबै निकुञ्जहरू निकुञ्ज ऐनअन्तर्गत चलिराखेका छन् र त्यहाँ आसपासमा थुप्रै जनताहरूमा समस्या भएको छ र राष्ट्रिय निकुञ्ज पनि चार प्रकारका छन्। राष्ट्रिय निकुञ्ज, सिकार आरक्षण, संरक्षण क्षेत्र, राष्ट्रिय प्राणी उद्यान। यसरी हेर्दाखेरि संरक्षित क्षेत्रले ओगटेको जमिन करिब २२% छ र वनले ओगटेको जमिन करिब २२% छ गरेर ४४% हामीले जङ्गल पालेका छौं। हामीलाई यति धेरै जङ्गल चाहिन्छ कि चाहिँदैन? हामीले आफ्नो बस्ती कहाँ व्यवस्थापन गर्ने हो र हाम्रा खनिज तत्त्वहरू कसरी निष्कासन गर्ने हो भन्ने कुरा पनि नेपालले नीति बनाउनुपर्छ भन्ने मलाई लाग्दछ। यो यसरी निकुञ्जको वरिपरि रहेर बस्ने बस्तीमा पालिकाहरूमा र कतिपयका पालिकाहरूको क्षेत्रफल नै निकुञ्जभित्र छ। र निकुञ्जको क्षेत्रफल पनि पालिकाभित्र छ।

उनीहरूको डबल इन्ट्री भइरहेको छ यसलाई व्यवस्थापन गर्न जरुरी छ भन्ने कुराहरू म राख्न चाहन्छु। र यहाँ आसपासमा जङ्गली जनावरले मानवलाई घाइते बनाउने, गम्भीर घाइते हुने र मृत्यु हुने जस्ता घटनाहरू भइरहेका छन् धनजनको क्षति हुने घर पालुवा जनावरहरूको क्षति हुने जस्ता माछा पालन, कुखुरा पालन यी विभिन्न खालको कृषिमा निकुञ्जबाट क्षति भइराखेको हुन्छ। निकुञ्जबाट आउने जनावरले क्षति गरिरहेको हुन्छ अन्नबालीको क्षति भइरहेको हुन्छ। बँदेल, बाँदर, मृग जस्तो जनावर र बाघ भालु हात्ती गैडाहरूले कृषिमा क्षति गरिराखेको हुन्छ, घर भत्काइराखेको हुन्छ, मानवलाई मारिराखेको हुन्छ भने व्वाँसो, भालु, पशुधनहरूलाई क्षति गरिराखेको हुन्छ।

यसरी क्षति गर्ने जुन छ त्यसलाई हेर्दाखेरि हामी राष्ट्रिय निकुञ्जको ऐनलाई परिवर्तन गर्नु पर्छ। राष्ट्रिय निकुञ्ज ऐन फेर्नु पर्छ र यो ऐनमा स्थानीयस्तरमा उधोग धन्दाहरू खोल्न नपाउने संरक्षितक्षेत्रभित्र गिट्टि बालुवाहरूको व्यवस्थापन गर्न नसकिने, संरक्षितक्षेत्रमा भौतिक पूर्वधार निर्माण गर्न नपाइने, चोरी सिकारी नियन्त्रणको लागि पनि समस्याहरू छन् । प्राविधिक विषयहरू प्राविधिक किसीमले निकुञ्जको संरक्षण गर्न सकिएको छैन। मिचाहा वनस्पतीहरूलाई निष्कासन गर्ने व्यवस्था गर्न सकिएको छैन। फोहोरमैला त्यतिकै छोडिराखेको छ र राम्रो व्यवस्थापन छैन । निकुञ्जलाई आधुनिक प्रविधियुक्त बनाउन सकिएको छैन ।

खोला, नदीहरू र गाउँवस्तीको सिमाना निकुञ्जबाट निकुञ्ज र गाउँ बस्तीको सिमाना खोला नदीहरूलाई मानेको हुँदा खोला कटानहरूबाट गाउँबस्तीतिर निकुञ्जको क्षेत्रफल बढाईंदै आइरहेको छ। यस्तो गर्दाखेरि एउटा GPS प्रविधिबाट निकुञ्जको सिमाना तय नगरिँदासम्म गाउँबस्तीहरू सुरक्षित हुन सकेका छैनन्। हिजो खेत भइरहेको आफ्नो जमिन आज बग बनिराखेको छ तर निकुञ्जको क्षेत्रभित्र हो भनेर त्यहाँ गिट्टि बालुवा पनि प्रयोग गर्न सकिँदैन र त्यहाँभित्र आफ्नो फेरि बाँझो भइसकेपछि कृषिको कामहरू गर्न सकिने अवस्था छैन। त्यसो भको हुनाले म यो राष्ट्रिय निकुञ्ज ऐन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन, २०२९ लाई खारेज गरी नयाँ ऐन निर्माण गरियोस् र नयाँ व्यवस्थापन गरेर हामी निकुञ्ज पनि संरक्षण गर्न सकौं। जनताको पनि सुरक्षा गर्न सकौं भन्ने कुराहरू राख्दै मेरा भनाइहरू अन्य गर्न चाहन्छु । हवस्त । धन्यवाद।

(१४:४४ बजे)सम्माननीय अध्यक्षः-माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने समय यहीं समाप्त हुन्छ, माननीय सदस्यहरू माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले अछाम जिल्ला पञ्चदेवल विनायक नगरपालिकामा छाउगोठमा भएको

भनिएको बलात्कारको घटनालगायतका विशेष समयमा उठेका विषयका सम्बन्धमा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५ को उपनियम (२) बमोजिम जवाफ दिनका लागि समय माग गर्नु भएको छ । म माननीय उपप्रधानमन्त्रीज्यूलाई समय उपलब्ध गराउँन चाहन्छु।

(१४:४४ बजे)<u>माननीय गृहमन्त्री तथा उपप्रधानमन्त्री श्री रवि लामिछाने</u>:-सम्माननीय अध्यक्ष महोदय, विशेष गरेर अछाम जिल्लाको छाउगोठमा भएको दुःखद् घटनाका विषयलाई लिएर सम्माननीयज्यूबाट रुलिङ भए अनुसार विशेष गरी यसै सन्दर्भमा सम्मानित राष्ट्रिय सभालाई जानकारी गराउँन भएका विषयहरूबारे अवगत गराउँनको निमित्त म यहाँ उपस्थित भएको छु। समयका लागि सबैभन्दा पहिला म धेरै धेरै आभार व्यक्त गर्न चाहन्छु। घटनाको विवरण थोरै केही जानकारी गराउँदछु, त्यसपछि के भएका छन् त्यसबारेमा जानकारी गराउने अनुमति चाहन्छु। मिति २०८१।३।४ असार ४ गतेका दिन बिहान ९ बजेको समयमा जिल्ला अछाम पञ्चदेवल विनायक नगरपालिका वार्ड नं २ बस्ने १६ वर्षकी बालिका छाउगोठ नजिकै बेहोस अवस्थामा फेला परेको सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयसमेतको टोलीले तत्काल उद्धार गरी उपचारका लागि जिल्ला अस्पताल मङ्गलसेन अछाममा ल्याई अनुसन्धानका प्रक्रियाहरूसमेत अगाडि बढेको कुरा म सम्मानित सदनसमक्ष जानकारी गराउँन चाहन्छु।

अनुसन्धानको क्रममा ०८१ असार ४ गते अर्थात् भोलिपल्ट बिहान २ बजेको समयमा बालिकामाथि जबरजस्ती गर्ने व्यक्ति को हो भन्ने कुरा खुल्न आएको थियो पीडितको बुवाको वैदेशिक रोजगारीको सिलसिलामा उहाँ बुवा भारत रहेको र आमाको मृत्यु भइसकेको भन्ने जानकारी हुन आएको छ। पीडक मामाघरको हजुरबुवाको भाइको छोरा भएको र नातामा मामा रहेको र पीडक १३ वर्ष ४ महिनाको नाबालक रहेको समेत खुल्न आएको कुरा सम्मानित सदनलाई जानकारी गराउँन चाहन्छु। अब कारबाहीको विवरणबारे म केही अवगत गराउँन चाहन्छु घटनामा सङ्लग्न एकजनालाई तत्काल पक्राउ गरिएको छ र निजलाई म्याद थप गरी थुनामै राखी अनुसन्धानसमेत भइरहेको छ। सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयबाट प्रहरी उपरिक्षकको कमाण्डमा अनुसन्धान कार्यमा सहयोग गर्न प्रहरी टोली परिचालन गरिएको छ। उक्त टोलीले आफ्नो अनुसन्धान पूरा गरी प्रतिवेदनसमेत जिल्ला प्रहरी कार्यालयमा बुझाएको कुरा पनि निवेदन गर्न चाहन्छु । पीडित र पीडक पक्ष दुवैको बयान तथा अनुसन्धान अनुसार घटना, यो घटनामा एकजना मात्र सङ्लग्न रहेको खुल्न आएको छ। मुलुकी अपराध संहिता ऐनको दफा १६८(३) ले रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्ने वा अन्य भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्न नहुने उल्लेख गरिएको । यस्तो कसुर गरेको ठहर भए

तीन महिनासम्म कैद र ३००० रुपैंया सम्म जरिवाना वा दुबै सजाय हुन सक्ने व्यवस्था गरिएको छ। छाउपडी प्रथा, गरिबी, विभेद, विकटतालगायत कयौं सामाजिक परिवेशसँग जोडिएको विषय भएको र यसको नियन्त्रणका लागि सरकारले छाउपडी प्रथाका अभ्यासलाई अपराधीकरण गरी दण्डनीय बनाएको भएतापनि कानुनी प्रतिबन्धले मात्र छाउपडी प्रथा नियन्त्रण गर्न सक्ने अवस्था नरहेको हुँदा समुदायलाई साथमा लिई स्थानीय प्रशासन, स्थानीय सरकार, नागरिक समाज, धार्मिक, सांस्कृतिक संघ संस्थाहरू र आम सञ्चार माध्यमलगायतको बहुपक्षीय प्रयास आवश्यक रहेको देखिएको छ।

महिला तथा बालबालिकाविरुद्ध हुने कुनै पनि हिंसा र अपराधका घटनाहरूमा शून्य सहनशीलताको नीति कार्यान्वयन गर्न स्थानीय प्रशासनलाई मन्त्रालयले स्पष्ट निर्देशन गरेको र पीडितको न्याय प्राप्त गर्ने संवैधानिक हकको संरक्षण एवम कार्यान्वयका लागि गृह मन्त्रालय र मातहत प्रशासन थप संवेदनशील र सचेत रहेको कुरा म सम्मानित सदनलाई जानकारी गराउँन चाहन्छु। यस घटनाको संवेदनशीलतालाई मध्यनजर गरी मन्त्रालयले स्थानीय प्रशासनबाट भए गरेका कार्यहरूको दैनिक प्रतिवेदन लिने तथा नियमित सुपरिवेक्षणको कार्यसमेत निरन्तर गरिरहेको जानकारी गराउँन चाहन्छु। सदनमा आउनु अगाडि नै विभिन्न लामो समयदेखि देशको नेतृत्व तहमा पुग्नुभएका महिला सांसदहरू, अधिकारकर्मीहरू तथा राजनीतिक दलका नेत्रीहरूसँगको एउटा लामो छलफलपश्चात् म यहाँ आएको छु र घटनाको संवेदनशीलताप्रति उहाँहरूले देखाउनुभएको मार्गदर्शनप्रति म यही सदनबाट कृतज्ञतासमेत ज्ञापन गर्न चाहन्छु।

प्रस्तुत घटनामा सूचना प्राप्त हुने बित्तिकै जब प्रहरीलाई सूचना प्राप्त भयो ८ बजे स्थानीय बासिन्दाबाट तत्कालै प्रहरी घटनास्थलमा पुगेको र स्थानीयको रहबरमा पीडितलाई उद्धार गरी उपचार र परामर्शको व्यवस्था मिलाइएको छ। घटनामा सङ्लग्न व्यक्तिको पहिचान गरी ८१।०३।०४ गते बेलुका ४ बजे नै निजलाई नियन्त्रणमा लिई म्याद थप गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ। घटनाको गम्भीरतालाई ध्यानमा राखी सुदूरपश्चिम प्रहरी कार्यालयबाट अनुसन्धानमा सहयोग गर्न प्रहरी उपरिक्षकको नेतृत्वमा अनुसन्धान टोली खटाइएको र सो टोलीले प्रतिवेदनसमेत जिल्ला प्रहरी कार्यालय अछाममा बुझाइसकेको छ हाल उक्त घटनाको अनुसन्धान कार्य भइरहेको र अनुसन्धान कार्यलाई पूर्णता दिई चाँडै नै अदालतमा मुद्दा दायर हुने बेहोरा सम्मानित सदनलाई म पुनः जानकारी गराउँन चाहन्छु र हालको अवस्थाबारे जानकारी गराउनु पर्दा पीडित हाल मंगलसेन अस्पतालमा उपचाररत रहेको र निजको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पताल स्रोतबाट जानकारी हुन आएको छ। मिति २०८०।०३।०९ गते जिल्ला अदालत अछामबाट पाँच दिन म्याद थप भई थप अनुसन्धान कार्य भइरहेको छ ।

भविष्यमा यस प्रकारका घटना नदोहोरिउन् तथा दोहोरिन नदिउन् भन्नका लागि छाउपडी प्रथाको अभ्यास रहेका जिल्ला तथा क्षेत्रमा स्थानीय प्रशासनबाट भइरहेका कार्यहरूको समीक्षा गर्ने, बहुपक्षीय समन्वयमा निरोधात्मक तथा प्रवर्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने, कानुन कार्यान्वयनलाई थप प्रभावकारी बनाई अनुसन्धान कार्यलाई तदारुकताका साथ सम्पन्न गर्न र सङ्लग्न दोषीहरूलाई कानुनबमोजिम कडाभन्दा कडा कारबाही गर्न स्पष्ट निर्देशनसमेत भएको र सो अनुसार प्रहरी तथा प्रशासनले काम गरेको विषयसमेत म सम्मानित सदनलाई जानकारी गराउँन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, आजै सदन आउनु अगाडिको बैठकबाट गृह मन्त्रालयले एक समिति बनाई आजसम्म छाउपडी प्रथासम्बन्धी भएका त्यसको अध्ययनसम्बन्धी भएका सबै प्रतिवेदनहरूलाई एकत्रीत गरी तिनलाई अध्ययन गरी र विभिन्न विज्ञहरूसँग सल्लाह परामर्श लिई कानुनीरूपमा, नीतिगतरूपमा, सामाजिकरूपमा अभियानकारूपमा यसलाई नियमन गर्न, नियन्त्रण गर्न र यो प्रथालाई अन्त्य गर्नेतर्फ कदम चाल्नको निमित्त के आवश्यक पर्छ भन्ने कुरा तय गर्नको निमित्त एउटा समिति निर्माण गर्ने र समितिले दिएको प्रतिवेदनमा टेकेर नीतिगत निर्णयहरू गर्ने र विभिन्न अभियानहरू सञ्चालन गर्ने विषयको भर्खरै निर्णय भई म यहाँ आएको कुरा पनि म सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु र आज यसै विषयलाई नै माननीयज्यूहरूले गम्भीरतापूर्वक उठाउनुभएको र साँच्चै नै यो गम्भीर विषय भएको हुनाले गृह मन्त्रालय यस मातहतका प्रशासन यसमा गम्भीर छ यस्ता घटनाहरू भविष्यमा आउन नदिन विभिन्न कदमहरू चाल्नको निमित्त गृह मन्त्रालय प्रतिबद्ध छ भन्नका लागि पनि म यहाँ उपस्थित भएको छु । समय उपलब्ध गराइदिनु भएकोमा फेरि पनि धन्यवाद दिन चाहन्छु। र यहाँ सम्मानित राष्ट्रिय सभामा अन्य गृह मन्त्रालय सम्बन्धित प्रश्नहरू, जिज्ञासाहरू आएका होलान्, अन्य समय लिएर ती सम्पूर्ण विषयहरूमा जानकारी दिनेछु। तर यो अत्यन्त संवेदनशील र दर्दनाक घटनाका विषयलाई लिएर तत्काल सदनलाई जानकारी गराउनु पर्छ भन्ने जिम्मेवारीबोधका साथ मैले आफ्ना कुराहरू यहाँसमक्ष राखेँ । समयका लागि फेरि पनि धन्यवाद दिँदै आफ्ना कुरा यहीँ टुङ्ग्याउछु धन्यवाद।नमस्कार ।

(१४:५२ बजे)<u>सम्माननीय अध्यक्षः</u>-माननीय सदस्यहरू, माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले दिनुभएको जवाफका सम्बन्धमा माननीय सदस्यहरूले प्रश्न सोध्न चाहनुहुन्छ भने अब म समय उपलब्ध गराउँछु। प्रश्नकर्ता माननीय सदस्यहरूले विषयवस्तुमा केन्द्रित प्रश्न सोध्न सक्नुहुनेछ। उक्त जवाफका सम्बन्धमा प्रश्न सोध्न चाहनुहुने माननीय

सदस्यले आफ्नो नाम अध्यक्षको डायाससँगै बसेका सचिवालयका कर्मचारीलाई उपलब्ध गराइदिनु अनुरोध गर्दछु। प्रश्नकर्ता प्रत्येक माननीय सदस्यलाई एक मिनेटको समय निर्धारण गर्दछु।माननीय सदस्य रेनु चन्द ।

(१४:५५ बजे)<u>माननीय रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-</u> सम्माननीय अध्यक्षज्यू, मन्त्रीज्यूलाई मेरो प्रश्न छ, समिति बनाएँ भनेर भन्नु भएको छ। त्यसको टिओआर के छ? त्यो जानकारी दिनु पर्यो। monitoring को कुरा अहिले एउटा विषयमा जानकारी गराउनु भो। हामीले हिजो कुरा उठाउँदाखेरि समग्र छाउपडी प्रथाको विषयमा गृह प्रशासनले के काम गरिरहेको छ? भन्ने जानकारी पनि मागेको, कति गोठ भत्काउनु भो? कानुन, गोठमा बसेर मान्छे बलात्कृत भइरहेका छन् त्यो गोठ नबनाउनु भनेको हो नि त कानुनले, त्यो गोठ कति भत्कियो त्यसका लागि स्थानीय प्रशासनले के काम गरिरहेको छ भन्ने कुरा सोधेको हो । मोनिटोरिङको विषयमा पानि जानकारी दिनु पर्यो, समिति बनाएर त्यसको टिओआर के छ? त्यो पनि जानकारी दिनु पर्यो भनेर कुरा चाहन्छु । धन्यवाद ।

<u>सम्माननीय अध्यक्षः-</u>माननीय सदस्य भुवन बहादुर सुनार।

(१४:५६ बजे)<u>माननीय श्री भुवन बहादुर सुनार(नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-</u> सम्माननीय अध्यक्षज्यू, यो अछाममा जुन घटना घट्यो र जुन किसिमले चाहिँ त्यसको चाहिँ जानकारी उपलब्ध भयो। किशोरी जो बलत्कृत १६ वर्षको र उनको मामा पर्ने पीडक १३ वर्षे भनिएको छ। यो कति चाहिँ सत्य हो? यसका साथै फेरि आफ्नै मामा पर्ने हो भने त्यो छाउ घरमै किन त्यस्तो हुनपर्ने अवस्था सिर्जना भयो। र यसको अवस्था के के हो र किन यस्तो भइरहेको छ? र यो छाउपडी चाहिँ पश्चिम नेपालमा छाउपडीको चाहिँ अन्त्य भयो भनेर पनि केही पत्रपत्रिकाले पहिले लेखिसकेका थिए तर अहिले आउँदा त्यस्तो देखिएन, त्यसले गर्दा अलि चित्तबुझ्दो देखिएन .....(समय सकिएको) ।

<u>सम्माननीय अध्यक्षः-</u>माननीय सदस्य सुमित्रा वि सी

(१४:५६ बजे)<u>माननीय श्री सुमित्रा वि.सी (नेपाल कम्युनिष्ट पार्टी (एमाले)):-</u>अध्यक्ष महोदय, माननीय मन्त्रीज्यूलाई मेरो प्रश्न छ। उहाँले हुन त रेकर्ड त्यही आयो भन्नुहोला पीडक

चाहिँ १३ वर्ष ४ महिना भनेर भन्नुभयो। अब यो कतिसम्म सत्य तथ्य हो त्यो जन्मदर्ता यसो गलत भएको पनि हुन सक्छ यसको पनि खोजी होस् भन्ने म भन्न चाहन्छु र यो नाबालक भनेर उम्काउने एउटा प्रचलन चलिरहेको छ। त्यही चलनअन्तर्गत जाने हो कि भन्ने अलिकति शङ्का लाग्यो यसको बारेमा प्रष्ट पारिदिनु हुन अनुरोध गर्दछु धन्यवाद ।

सम्माननीय अध्यक्षः-माननीय सदस्य गोमादेवी तिमिल्सिना।

(१४:५७ बजे)माननीय श्री गोमादेवी तिमिल्सिना (नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)):-सम्माननीय अध्यक्षज्यू, माननीय गृहमन्त्रीज्यूले जुन जवाफ दिनुभयो यँहा, त्यो अत्यन्तै राम्रो कुरा हो । हामीलाई खुसी पनि लाग्यो तर सोध्नै खोजेको कुरा अझै यो हिजोको घटना ३ गतेको घटना मात्रै होइन । म गृहमन्त्री भइसकेपछि निर्मला पन्तको तुरुन्तै दुई दिनपछि म हत्यारा पत्ता लगाउँछु भन्नुभएको थियो। त्योभन्दा यता कहिले सुरक्षाकर्मीले नि श्रीमती मार्या छन्। कहिले छोरा मार्या छन् । कहिले छोरी मार्या छन् । एकपछि अर्को घटना थपिँदै आएको छ । अब हिजोको घटना पनि अत्यन्तै निर्ममतापूर्वक हत्याको योजना, हत्याको योजना बनाइएको छ ।यस बारेमा जवाफ अलि पुगेन कि भन्ने जस्तो लाग्छ धन्यवाद।

सम्माननीय अध्यक्षः- माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१४:५७ बजे)माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी (एमाले)):- सम्माननीय अध्यक्ष महोदय, म सर्वप्रथम गृहमन्त्रीलाई धन्यवाद दिन चाहन्छु। उहाँले यो विषयमा चासो लिएर तुरुन्तै जवाफ दिन आउनु भएको छ र मेरो प्रश्न के छ भने हामीले यो छाउगोठ चाहिँ प्रथा जुन मानसिकतामा रह्यो र यो अझै प्रचार भइरहेको छ। आज एउटा घटना घटेको छ, भोलि अरू पनि घटना घट्न सक्छ, यसतर्फ गृहमन्त्रालयले के सोचेको छ भन्ने एउटा कुरो । अर्को समिति बनाउने कुरा गर्नुभयो, कहिलेसम्म यो समिति बन्छ? कति सदस्य हुन्छ? र कहिलेबाट चाहिँ यो अनुसन्धान प्रारम्भ हुन्छ? भनेर म प्रश्न सोध्न चाहन्छु । धन्यवाद ।

सम्माननीय अध्यक्षः- माननीय सदस्य तुलप्रसाद विश्वकर्मा।

(१४:५८ बजे)**मानननीय श्री तुलप्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)ः-**सम्माननीय अध्यक्षज्यू, गृह मन्त्रीबाट माननीय गृह मन्त्रीज्यूबाट जवाफ चाहिँ पाइयो। र मलाई यसमा के लाग्छ भने उहाँबाट आएको जवाफमा त्यति पूर्ण लागेन किनभन्दा, किन भन्दा त्यो पीडक जो हो त्यो १३ वर्षको भन्ने कुरा आ छ । त्यो १३ वर्षको बालकले १६ वर्षको युवतीलाई बेहोस हुने गरेर कसरी बलात्कार गर्यो एउटा कुरा । दोस्रो के छ त भन्दाखेरि पहिले घटेका सुदुरपश्चिमका बलात्कारका केसहरूमा पनि यहाँ माननीयज्यूहरूले पनि कुरा उठाउनु भो। यस्तै किसिमका रिपोर्टहरू आएका छन् कतै यो रिपोर्ट नै गलत त आएको छैन शङ्का लाग्ने ठाउँ छ किनभन्दाखेरि कुनै शक्तिसम्पन्न व्यक्तिहरूले घटना घटाउने धेरै व्यक्तिहरू मिलेर घटना घटाउने उनीहरूलाई जोगाउनका लागि १३ वर्षीय बालकलाई अघि सारिएको त होइन? यो शङ्का गर्ने ठाउँ छ मेरो । यसको लागि चाहिँ जवाफ गृहमन्त्रीज्यू....(समय सकिएको) ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्य विष्णु देवी पुडासैनी।

(१४:५९ बजे)**माननीय श्री विष्णु देवी पुडासैनी (नेपाली काँग्रेस)ः-** गृहमन्त्रीज्यूलाई मेरो के प्रश्न छ भने यस्ता अपराधहरू धेरै भइरहेका छन् । चितवनमा छ उता अरू अनेकौं यस्तो चाहिँ महिलामाथि हिंसा भइरहेका छन् । निर्मला हत्या काण्ड त्यत्तिकै छ, अस्तिन चितवनको एउटा बालिकाको त्यही अवस्था छ । त्यो बारेमा पनि जानकारी हुनु पर्थ्यो । त्यसैगरी अहिले माननीय गृह मन्त्रीज्यूले भन्नु भो तिन महिना कैद र कति जरिवाना दिए पछि फेरि चाहिँ यस्ता अपराधीहरूलाई यसैगरी छुट दिँदै जाने हो भने कहिले अपराध चाहिँ न्यूनीकरण हुन्छ? कैले अपराधीहरूले अपराध गर्न छोडछन् त्यसको लागि मेरो गृहमन्त्रीज्यूसँग मेरो प्रश्न छ ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, अब म माननीय प्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेलाई माननीय सदस्यहरूले उठाउनुभएका जिज्ञासाका सम्बन्धमा प्रष्ट पार्नको लागि समय उपलब्ध गराउँछु।

(१५:०० बजे)**माननीय गृहमन्त्री तथा उपप्रधानमन्त्री श्री रवि लामिछानेः-**सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यहरू, यहाँहरूले राख्नुभएको जिज्ञासाका लागि फेरि पनि धन्यवाद दिन चाहन्छु र यहाँहरूले राख्नुभएको जवाफपछिको जिज्ञासाको उत्तर दिनको निमित्त म उपस्थित छु । माननीय रेनु चन्दले समिति बनाउने कुरा कहिलेसम्म, त्यसको टीओआर के हो? समग्र

जानकारी भएन, हामीले कति गोठहरू छन् भन्ने बारेमा पनि सोधेका थियौं। सोधिएका सबै कुराहरूको समग्र जानकारी भएन भन्ने कुरा गर्नुभयो । समिति बनिसकेको होइन । समिति बनाउने निर्णय गरेर आएको हो म । समिति भोलिसम्ममा समितिले पूर्णता पाउने कुराको मैले अपेक्षा गरेको छु र अन्य माननीयज्यूहरूलाई पनि यसै प्रश्नमा चाहिँ के भन्न चाहन्छु भने समितिमा महिला, बालबालिका, सामान्य प्रशासन मन्त्रालयको पनि सहभागिता रहन्छ गृह मन्त्रालयसँगै र अन्य सरोकारवालाहरूको पनि सहभागिता बनाएर विशेष गरेर भूगोल बुझेको, प्रथा बुझेको अभियन्ताकारूपमा कैयौं यस्ता विषयमा काम गर्नुभएका व्यक्तित्वहरूको सहभागिताले यसलाई चाहिँ अलिकति समृद्ध बनाउन सकिन्छ यो समितिलाई किनभने पुराना निर्णयहरू, पुराना अध्ययनहरूलाई पनि अगाडि ल्याउनुपर्ने भएको हुनाले समिति बनाउने निर्णय भएको हो । समिति बनिसकेको या समितिलाई टिओआर प्रदान गरिसकेको छैन । समिति बनाउँदा टिओआरसहित दिइनेछ र त्यसको सम्पूर्ण जानकारी हुन्छ। मन्त्रालयको प्रयास भोलिसम्म यसलाई सम्पन्न गर्ने भन्ने छ। हामी पूर्णरूपमा कोसिस गर्नेछौं र यो गरिरहँदा फेरि हामीले सहभागितालाई महत्त्वपूर्ण ध्यान दिनुपर्ने हुन्छ । यो समिति बनाउनका लागि होइन समाधान गर्नका लागि भएको हुनाले यसमा विशेष ध्यान दिइएको छ अपेक्षा गरौं । हामिले भोलिसम्म यसलाई पूर्णता दिने हाम्रोतर्फबाट कोसिस रहने छ।

र कति छाउगोठहरू छन् अहिलेसम्म कति भत्किए भन्ने कुराको यकिन विवरण हासिल गर्नका लागि तत्कालको समयमा त्यो अपूर्ण जानकारी हुने अवस्था देखिएको हुनाले समितिको आवश्यकता त्यस अर्थमा पनि भएको थियो। त्यसले अहिलेसम्म भएका सम्पूर्ण घटनाहरूको विवरणसहित दिने भएको हुनाले एउटा अभिलेखमा पनि रहन्छ र भविष्यमा कानुन बनाउने कुराहरूमा, बनेका कानुनलाई परिमार्जन गर्ने कुराहरूमा पूर्णरूपमा आएको विवरणले सघाउँछ । त्यो औपचारिक पनि बन्दछ। किनभने पुष्ट अपुष्ट विभिन्न सङ्ख्याहरू आएका हुनाले ती सङ्ख्याहरूलाई आधिकारिक मान्न सक्ने अवस्था आज छैन, धेरै भएका छन्, तर पूर्ण छैन त्यसकारणले सङ्ख्याहरूसहितको टिओआर, समितिमा रहने भएको हुनाले कति भत्किए, अभियानहरू कति चले? कति संघ संस्थाहरूले त्यसमा काम गरेलगायतका विषयहरू र कतिवटा प्रतिवेदनहरू तयार भएलगायतका विषयहरू र कतिओटा प्रतिवेदनहरू तयार भएलगायतका विषयहरू चाहिँ समितिले आउने प्रतिवेदनलाई सम्पूर्णरूपमा समावेश हुने गरी आउने कुराको म जानकारी गराउँन चाहन्छु माननीयज्यूलाई । समग्र जानकारी त्यसपछिमात्र प्राप्त हुने छ ।

माननीय भुवन बहादुर सुनारजीले १३ वर्ष १६ वर्ष भन्ने कुराहरू आयो भन्ने कुरा गर्नुभयो यो अहिले हामीलाई प्राप्त भएको प्रारम्भिक अनुसन्धानबाट अधिकार प्राप्त निकायले

दिएको जानकारी अनुसार प्राप्त भएको हुनाले त्यसभन्दा अन्यथा जानकारी अथवा सुनिएका कुराहरूमा सदनमा भन्नु त्यति उपयुक्त नहोला । त्यसकारणले अधिकारसम्पन्न र अधिकार प्राप्त निकायले अनुसन्धान गर्न अधिकारप्राप्त गरेको निकायबाट प्रारम्भिकरूपमा अहिले प्रारम्भिक चरणमा भएको अनुसन्धानबाट प्राप्त भएको विवरणले भनेको कुरालाई नै मैले यहाँहरूसमक्ष प्रस्तुत गरेको हुनाले त्यसलाई फेरि यस्ता कुराहरू पनि आएका छन्, त्यसको चाहिँ सही भेरिफिकेसन जन्ममितिहरू गलत त भएका होइनन्? भनिएका कुरा गलत त होइनन्, त्यसलाई documents का माध्यमबाट reverification गर्ने कार्यका लागि हामी तदारुकताका साथ काम गर्नेछौं। त्यसकारणले यहाँहरूलाई निश्चिन्त हुनको लागि म अनुरोध गर्न चाहन्छु, किन यस्तो भइरहेको छ? विगतका पनि घटनाहरूमा मानिसको उमेर ढाँटिने अथवा अलि शक्तिशालीहरूलाई जोगाउने त्यस्तो केही त होइन भन्ने आशङ्कासहित यहाँले व्यक्त गर्नुभएको छ। म विश्वास दिलाउन चाहन्छु। कुनै पनि किसिमका गलत क्रियाकलापहरू अनुसन्धानको सिलसिलामा हुने छैनन् । म गृहमन्त्रीका हैसियतले यो अनुसन्धान निष्पक्ष हुने कुराको सुनिश्चितता सम्मानित सदनलाई गराउँन चाहन्छु।

सुमित्रा वि.सी. माननीयज्यूले पिडक १३ वर्ष चार महिना कुरा जन्ममिति खोजियोस् भन्ने कुरा गर्नुभएकै छ म अहिले भर्खरै यस अगाडि दिइएको जवाफ नै त्यसैमा नै म यहाँलाई बताउन चाहन्छु । त्यही जवाफ दोहोर्याउन चाहन्छु । उम्किने छैनन्, त्यो उम्किने किसिमको वातावरण हुने छैन भन्ने कुराको सुनिश्चितता तपाईंलाई पनि फेरि म दोहोर्याउन चाहन्छु।

माननीय गोमा तिमल्सिनाले निर्मलाको हत्या दुई दिनमा पत्ता लगाउँछु भन्नुभएको थियो भन्नुभएको रहेछ। म गएको अघिल्लो कार्यकालको पहिलो दिनको निर्णय हो त्यो यसको पत्ता लगाउने निर्णय हो दिन गनेर दुई दिनमा पत्ता लगाउछु भनिएको कुरा चाहिँ कहीं कतै सुन्नमा तपाईंलाई अप्ठ्यारो कहीं कतै गलत ढङ्गले आएको हो कि दिन गनेर भनिएको होइन । प्राथमिकतामा राखिएको हो, त्यो प्राथमिकतामा नै छ । अनुसन्धानको यो विषयलाई मैले आफ्नो प्राथमिकता अघिल्लो कार्यकालको प्राथमिकतालाई भुलेको छैन । त्यसकारणले अहिलेलाई मैले त्यतिमात्र भन्न चाहन्छु । नतिजा उन्मुख छ म यति चाहिँ जानकारी यहाँलाई गराउँन चाहन्छु।

र अन्य घटनाहरूबारे पनि सचेत हुनका लागि गराउनु भएको जानकारीलाई ध्यानाकर्षणकारूपमा लिन चाहन्छु। माननीय तुलसा कुमारी दाहाल मैले लेख्नमा गल्ती गरेको भए क्षमा गर्नु होला, भविष्यमा हुन नदिन के गर्नु हुन्छ? समिति कस्तो बन्छ? भन्नुभएको छ । मैले समितिको बारेमा सुरुमै माननीय रेनु चन्दको प्रश्नको जवाफ दिँदा नै भनेको छु । तिनै टिओआरसहितको समिति भन्ने छ। र त्यसले भविष्यमा गर्नुपर्ने कार्यहरूका बारेमा पनि

दिशानिर्देश गर्नेछ । सुरक्षा निकायले अपनाउनु पर्ने विषयको दिशानिर्देश गर्नेछ । सामाजिक अभियन्ताहरूको भुमिकालाई पनि दिशानिर्देश गर्नेछ ।स्थानीय प्रशासनले सबैले गर्नुपर्ने भुमिकाहरूका बारेमा राज्यले समग्रमा राज्यले लिनुपर्ने नीति, राज्यले गर्नुपर्ने व्यवहार, राज्यले देखाउनुपर्ने, तदारुकताका बारेमा पनि त्यो समितिको प्रतिवेदनले दिशानिर्देश गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।

माननीय तुलसा विश्वकर्माजीले पीडकको उमेरकै बिषयमा कुराकानी गर्नुभएको छ।कसरी त्यस्तो गर्नसक्छ त्यो उमेरकोले, कसरी त्यसो गर्न सक्छ ? अँ त्यस किसिमको अपराध गर्न सक्छ भन्ने कुराको आशङ्का जाहेर गर्नुभएको छ। अब त्यस बिषयमा म अहिले यही नै भनौं की प्रारम्भिक अनुसन्धानले देखाएको उमेर प्रारम्भिक अनुसन्धानमा देखिएका कुराहरू यी हुन् । भएको घटनाभन्दा त्यसलाई तोडमोड हुने, त्यसमा कुनै किसमका घुसपैठ हुने, त्यँहा शक्तिको प्रयोग हुने वा दुरुपयोग हुने त्यस्तो कुरा हुन दिइने छैन । यो सुनिश्चिततालाई फेरि प्रतिबद्धताका रूपमा फेरि पनि दोहोर्याउँन चाहन्छु। रिपोर्टनै गलत त होइन? कसैलाई बचाउने खेल त होइन? भन्ने जुन आशङ्का गर्नु भएको छ । यसमा पनि फेरि म आफ्नो प्रतिबद्धता र सुनिश्चितता यहाँलाई अभिव्यक्त गर्न चाहन्छु।त्यस्तो कुनै पनि किसिमका गलत क्रियाकलाप हुन कुनै पनि हालतमा दिइने छैन। हामी सचेत, चनाखो, सजग भएर यो घटनालाई अत्यन्त गम्भीरताकासाथ लिएका छौं। त्यसकारणले नै हिजो नै सम्मानित सभामा कुरा उठेपछि आजै यसको जवाफ दिनु पर्छ भनेर म आफु आज यहाँ उपस्थित भएको हुँ यसको अर्थ सिङ्गो गृहमन्त्रालयले यी र यस्ता घटनाहरूप्रति आफू कति संवेदनशील छु भन्ने कुरालाई एउटा कहीँ न कहीँ त्यसले पनि बताउँछ भन्ने म ठान्दछु । त्यसकारणले हामी एकदमै सजग छौं, सचेत छौं र घटनामा कुनै पनि किसिमका गलत क्रियाकलापहरू नहुन र घटनालाई तोडमोड गर्ने प्रयास नहोस्, अनुसन्धानलाई प्रभावित गर्ने काम कहीं कसैबाट कतैबाट पनि नहोस् भन्ने कुरामा गृह मन्त्रालय र यस मातहतका निकायहरू सचेत छन्, सजग छन्। यही कुरा वताउन चाहन्छु।

माननीय बिष्णु देवकोटा पुडासैनीज्यूले भन्नु भएको अरू घटनाहरूलाई पनि हेरौं र कैद सजाय ठिक छैन भन्ने कुरा उँहाले भन्नुभएको मैले यस विषयलाई पनि समितिको आवश्यकताको महसुस गर्दाखेरि समितिले भविष्यमा कानुनीरूपमा हामीले सुधार गर्नु पर्ने ठाउँ के हुन् भन्दा यी विषय पनि हुन् मेरो पनि यसमा गम्भीर ध्यानाकर्षण भएको छ। कहिलेकाहीँ सजायहरू जघन्य अपराधका सजायहरू सामान्य भइदिँदा अपराध नियन्त्रण गर्नमा असाध्यै बाधा पर्दछ । त्यसकारणले हामी कानुन बनाउने थलोमा भएका हुनाले हामीले यसलाई पुनरावलोकन गर्नु पर्ने आवश्यकता छ।

म सम्मानित सदनलाई यो पनि भन्न चाहन्छु की यसलाई पुनरावलोकन गरौं र पुनरावलोकन गरी यसलाई समयसापेक्ष र अपराध नियन्त्रणमा प्रभावकारी बनाउने ढङ्गमा हामी काम गरौं भन्न चाहन्छु। यस बिचमा एउटा अर्को कुरा पनि म निवेदन गर्न चाहन्छु कि आज छलफलका क्रममा कैयौं माननीयज्यूहरूले मलाई सल्लाह पनि दिनुभएको थियो कि जसले जुन घरमुलीले छाउगोठमा राख्न भन्छ, कानुनले दोषी सरह कारबाही गर्नका लागि पनि भन्छ । त्यसकारणले जसले छाउगोठमा घरमुलीले, जसले चाहे परिवारका सदस्य हुन्, जो सुकै हुन्, छाउगोठमा रजस्वला भएको बालिकालाई अथवा महिलालाई त्यसरी राख्ने, जसले राख्नका लागि अनुमति दिन्छ अथवा राख्नका लागि force गर्छ, कानूनी दायरामा ल्याउनु पर्छ कि पर्दैन भन्ने विषयलाई पनि उँहाहरूले जोड दिनुभएको छ । र मलाई आशा छ जुन प्रतिवेदनको अपेक्षा गरी समितिको अवधारणा बनाइएको छ।त्यो समितिले नीतिगतरूपमा गरिनुपर्ने सुधार सामाजिकरूपमा गरिनुपर्ने सुधार र अन्य प्रशासनिकरूपमा र विभिन्नरूपमा पारिवारिक ढङ्गले परिवारले गर्नु पर्ने यी सम्पूर्ण कुराहरूको एउटा वस्तुस्थितिलाई अध्ययन गरेर त्यसको प्रतिवेदन प्राप्त हुने कुरामा हामीले अपेक्षा गरेका छौं र हामीले टिओआर पनि त्यही ढङ्गले बनाउने छौं र फेरि पनि गृह मन्त्रालय यो र यस्ता घटनाहरूप्रति अत्यन्त गम्भीर रहेको कुराको निवेदन गर्दै फेरि पनि प्रश्नकर्ता सम्पूर्ण माननीयज्यूहरूलाई म धन्यवाद दिँदै म आफ्ना भनाइहरू टुङ्ग्याउँछु । धन्यवाद।

(१५:१० बजे)<u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू, तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट बिरोधको सूचना प्राप्त हुन नआएको बेहोरा जानकारी गराउँछौं।

माननीय सदस्यहरू, अब म माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठलाई तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँदछु।

(१५:११ बजे)<u>माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठः-</u> सम्माननीय अध्यक्षज्यू, नेपालको संविधानको धारा ५१ मा राज्यका नीतिहरूसम्बन्धी व्यवस्थाअन्तर्गत खण्ड (ज) मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रहितप्रति समर्पित जनशक्ति तयार गर्ने उल्लेख गरिएको छ। सोहीबमोजिम नेपालका विश्वविद्यालयहरू स्थापना भई सञ्चालन हुँदै आएका छन्। नेपालमा उच्च शिक्षामा चिकित्सा शिक्षातर्फ नेत्र आँखा स्वास्थ्यको विधामा गुणस्तरीय शिक्षा प्रदान गर्न

तथा गुणस्तरीय सामग्रीको उत्पादन गरी अन्तराष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त गरी आँखा स्वास्थ्य सेवाको सहज पहुँच वृद्धि गरी यस क्षेत्रमा प्रविधिको विस्तार गर्न विभिन्न नवीनतम विधामा अध्ययन अध्यापनमार्फत शैक्षिक गुणस्तर हासिल गर्नु परेको छ। आँखा स्वास्थ्य विधातर्फ उच्च शिक्षा प्रदान गर्नु पर्ने भएको र यस क्षेत्रमा गुणस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार गरी विशेषज्ञ सेवासहितको स्वास्थ्य सेवा प्रदान गर्न आँखा उपचारसम्बन्धी वस्तु उत्पादन तथा आँखा स्वास्थ्यको क्षेत्रमा नयाँ प्रविधिको विकास तथा विस्तार गरी आँखा स्वास्थ्य सेवाको क्षेत्रमा उत्कृष्ट प्राज्ञिक केन्द्रको रूपमा सार्वजनिक विश्वविद्यालय स्थापना र सञ्चालन गर्न तिलगंगा नेत्र विश्वविद्यालय विधेयक आवश्यक परेको हो।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ यस सम्मानित सदनसमक्ष पेस गर्दछु। धन्यवाद।

(१५:१३ बजे)<u>सम्माननीय अध्यक्षः-</u> माननीय सदस्यहरू, अब माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर वस्नेतलाई "नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१५:१३ बजे)<u>माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर वस्नेतः-</u> सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव यस सम्मानित सदनसमक्ष प्रस्तुत गर्दछु धन्यवाद।

(१५:१४ बजे)<u>सम्माननीय अध्यक्षः-</u> माननीय सदस्यहरू, माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर वस्नेतले प्रस्तुत गर्नु भएको "नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ।छलफलमा "नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१" र उक्त विधेयकका दफाहरूका सैद्धान्तिक पक्षमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकरी गराउँछु। छलफलमा भाग लिन चाहाने माननीय सदस्यहरूले आआफ्नो नाम ३ मिनेटभित्र अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध

गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य उर्मिला अर्याल।

(१५:१५ बजे)<u>माननीय श्री उर्मिला अर्यालः-</u> सम्माननीय अध्यक्ष महोदय, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गरिएको विधेयक सम्बन्धमा केही कुराहरू राख्न चाहन्छु। ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले फोहोरबाट उत्पादन गर्न सकिने वायो ग्यासबाट खाना पकाउन, बत्ति बाल्न सकिने, जलस्रोत, जैविक ऊर्जा साथसाथै सौर्य ऊर्जा र अझै कतिपय ठाउँहरूमा चाहिँ यो फोहोरमैलाबाट पनि मैले यो गुजरातमा चाहिँ देखें त्यसबाट पनि उहाँहरूले चाहिँ बिजुली उत्पादन गरेको मैले देखेको छु। त्यो हिसाबले चाहिँ यो नवीकरणीय ऊर्जाको बहुआयामिक प्रयोजनबाट हामीले एउटा ऊर्जा निकाल्न सकिने साथसाथै त्यो सँगसँगै अरू जोडिएर लानुपर्ने कुरा धेरै छन् त्यसकारण यो सुधारिएको चुलो, पानी घट्ट, सौर्य ऊर्जा प्रणाली, सिँचाइ प्रणालीहरू, हावाबाट पनि ऊर्जा मिल, मिलहरू पनि मैले देखें, त्यहाँ हावाबाट चाहिँनी ऊर्जा प्राप्त गरी सिँचाइमा प्रयोग गरी पानी तान्ने कामहरूमा, बत्ती बाल्ने कुराहरूमा प्रयोग भइरहेको म इन्दौर जाँदा त्यस्तो पनि देखें हैन र यहाँपनि उल्लेख भएको छ। त्यसकारणले म के चाहन्छु भने अहिले यो जुन विधेयक आइरहेको छ यो विधेयकमा हामीले यसलाई प्रदेश र स्थानीय तहसम्म यी विविध पक्षलाई जोडेर एकीकृत हिसाबले विधेयकलाई चाहिँनी हामीले कार्यान्वयन गर्ने किसिमले कानुन बनाउन सक्यौं भने हामीसँग अब प्रदेशस्तरमा पनि विभिन्न प्रावधानहरू छन्, स्रोतहरू छन्, ती स्रोतहरूको परिचालन even अब यो फोहोर व्यवस्थापन चाहिँनी यो हाम्रो नगरपालिका या महानगरपालिकाकै फोहोरको पनि फोहोरलाई मोहोर बनाउन सकिने धेरै उदाहरणहरू मैले देखेको छु। त्यसलाई चै छुट्याएर फोहोर छुट्याएर ऊर्जामा पनि परिणत गर्ने अनि कतिपय चिजहरू मल बनाउने कुराहरू, मोल बनाउने कुराहरू, यी कुराहरूमा हाम्रो ध्यान कम गएको र एउटा सहकार्य गरेर हैन, यो मन्त्रालयले संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँग हैन, यो साझा चैं समन्वय गरी कार्यक्रमसहित यो नवीकरणीय ऊर्जाको चाहिँ प्राबधानलाई लिएर जान सक्ने हो भने यसलाई चाहिँ राम्रैसँग प्रभावकारी तरिकाले यो विधेयकलाई हामीले लान सक्छौं र यसलाई एकीकृत हिसाबले हामीले प्रयोगमा ल्याई कानुन बनाएर साझा हिसाबले काम गर्न सक्ने अवस्था भयो भने हाम्रो चाहिँ समग्र स्रोतहरूको व्यवस्थापन र त्यसलाई चाहिँ एउटा एकीकृत तरिकाले प्रयोग गर्न सकिने र त्यलाई एउटा नवीकरणीय ऊर्जामा परिणत गरेर त्यसलाई बहुआयामिक हामी र ऊर्जाको आवश्यकतालाई पूरा गरेर लान सक्ने अवस्था देखिन्छ।त्यो हिसाबले यहाँ ग्रामीण ऊर्जा नीति निजीस्तरमा पनि यसको काम गर्न प्रोत्साहित गर्ने, सरकार पक्षबाट पनि प्रोत्साहित गर्ने विविध कुराहरू लगानी यो

आर्थिक लगानीको सहुलियत दिने यी जुन विभिन्न प्रावधान आछन् यो धेरै सकरात्मक छ। त्यसकारण ग्रामीण ऊर्जा नीति, २०६३ ले जुन एउटा नवीकरणीय ऊर्जाको विकास तथा विस्तार गर्न ऊर्जा दक्षता रणनीति, २०७५ ले परिकल्पना ..... (समय सकिएको) ।

(१५:१८ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, यो सैद्धान्तिक छलफल हामीले यथास्थान मै गर्ने नै हो। त्यसकारण चाहिँ म माननीय सदस्यहरूलाई अब यथास्थानबाटै उठेर आफ्ना विषयहरू राख्न अनुरोध गर्छु। अब यसपछि माननीय सदस्य देवेन्द्र दाहाल।

(१५:१९ बजे)माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- सम्माननीय अध्यक्ष महोदय, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक यो सदनमा प्रस्तुत भएको छ। र यो विधेयकले यो वैकल्पिक ऊर्जा विकास समिति गठन आदेशबाट गठन भएको वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रलाई विस्थापन गरेर यो विधेयकको रूपमा आएको छ । अझै यो व्यवस्थित ढंगले आएको छ । यो जीवाश्म भन्छ, fossil fuel र परम्परागत ऊर्जा कोइला, दाउरा जस्ता चिजहरू र औद्योगिक ग्यास आदिको प्रयोगले हरित गृह ग्यास उत्सर्जन भई पृथ्वीको तापक्रम बढ्दै गएको, वातावरणमा ठुलो नकारात्मक प्रभाव पारेको, वातावरण प्रभावको कारणले गर्दाखेरि विश्वकै प्राणी जगतलाई चाहिँ सङ्कटतिर धकेलेको आदि विषयहरू यसले उल्लेख गरेको छ। र यो खास नवीकरणीय ऊर्जाको उत्पादन, प्रयोग र प्रवर्धनको कुरा छ। यो global warming भनेर हामी भन्छौं। त्यसलाई पनि यसलाई यो नवीकरणीय ऊर्जा, सौर्य ऊर्जा, वायु ऊर्जा, जलविद्युत तथा जैविक ऊर्जा जस्ता कुराको प्रवर्धनको कारणले गर्दाखेरि यी सबै कुरालाई हामी क्रमशः यो वातावरणीय प्रभावलाई न्यूनीकरण गर्न सक्छौं। त्यसैले यो विधेयक जुन आएको छ। यो विधेयक चाहिँ स्वागतयोग्य विधेयक छ। र मैले एक दुईवटा कुरा भन्न चाहन्छु। नवीकरणीय ऊर्जाको स्रोतबाट विद्युत उत्पादन, प्रसारण र वितरण गर्न प्रचलित कानुनबमोजिम अनुमति लिनुपर्ने छ भनेर भनिएको रहेछ। र यसलाई अलि प्रोत्साहन गर्ने गरी कानुनमा नै व्यवस्था गर्ने हो कि? नवीकरणीय ऊर्जाका लागि हामीले प्रोत्साहन गर्नको लागि के गर्ने? यही कानुनमा नै व्यवस्था गर्ने हो कि? भन्ने एउटा कुरा म राख्न चाहन्छु। अर्को भनेको ऊर्जा परीक्षणको कुरा छ। हरेक पाँच वर्षमा व्यावसायिक प्रतिष्ठानमा क्षेत्रले उत्पादन, प्रसारण, आपूर्तिमा खपत गरिरहेको ऊर्जाको पहिलो पटक पाँच वर्ष र त्यसपछि प्रत्येक तीन वर्षमा ऊर्जा परीक्षणबाट गराउनु पर्ने भन्या छ। यसमा चाहिँ ऊर्जा परीक्षण पनि निजी व्यक्ति वा फर्म हुने व्यवस्था कतिको पारदर्शी होला? यस सन्दर्भमा माननीय मन्त्रीज्यूले अलि प्रस्ट पार्नु हुन्छ कि

भन्ने मलाई लागेको छ। अर्को भनेको ११ नम्बर दफामा सञ्चालक समिति अलि भद्दा ठुलो खालको जस्तो लाग्यो मलाई। त्यो सञ्चालक समिति अलि सानो छरितो बनाउन पाए हुन्थ्यो। त्यसको बारेमा माननीय मन्त्रीज्यूले यसलाई कसरी सम्बोधन गर्नुहुन्छ म माननीय मन्त्रीज्यूको ध्यानाकर्षण पनि गराउँन चाहन्छु। धन्यवाद।

सम्माननीय अध्यक्षः-माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१५:२१ बजे)माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काँग्रेस):-सम्माननीय अध्यक्षज्यू, ग्रामीण ऊर्जा नीति, २०६३ राष्ट्रिय ऊर्जा दक्षता रणनीति, २०७५ ले परिकल्पना गरेको नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका चौधवटा उद्देश्यहरू अत्यन्तै सुन्दर छन्। मुलुकको हितमा छन्। तर कानुनी उल्झन र कार्यान्वयनको फितलोपनाले गर्दा अहिलेसम्म मुलुकको हित हुन सकेन। तथापि आशा छ, यो विधेयकले त्यो अभावलाई परिपूर्ण गर्नेछ। नम्बर १ नाम नवीकरण भने जस्तै काम पनि नवीकरणीय भए कि भएनन्? हालसम्मका अभ्यास विभिन्न मुलुकका COP सम्मेलनमा सरकारका प्रमुखहरूको प्रमुख सहभागिताले हामी सायद यो विधेयक परिकल्पना गर्ने अवस्थामा पुगेका हौं या होइनौं? यसलाई आत्ममनन् गरेर बुझिदिनु होला। बेलायत र दुबईको COP सम्मेलनमा सम्माननीय प्रधानमन्त्रीज्यूहरू, तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाज्यू बेलायत र वर्तमान हालका प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यू दुवईमा सहभागी भई हिमाल पग्लेका कुरा दुई छिमेकी मुलुकले अत्यधिक कार्बन उत्सर्जन गरी जलवायु परिवर्तनका कारण नेपालले भोग्नु परेको नोक्सानी तथा जलवायु सङ्कटबाट हामीलाई कसले जोगाउँछ भन्ने उच्चस्तरीय छलफलमा सहभागी भई नेपाललाई क्षतिपूर्तिको माग राख्नुभयो। क्षतिपूर्ति कति ल्याउनु भयो? यसको सार्वजनिक गरिदिनुभयो भने यो नवीकरणीय ऊर्जा परिकल्पना विधेयक सार्थकता पहिल्याउन सजिलो हुने थियो। यो विधेयकले महाविर पुनजस्ता वैज्ञानिकहरूले आविष्कार गरेका यात्री मोटरसाइकलहरूले ठाउँ पाउँछ कि पाउँदैन? विदेशका कम्पनीहरू अमेरिकन बुलेट, ड्युक, टाटा जस्ता सयौं डिजल, पेट्रोलबाट चल्ने गाडीहरूले प्राथमिकता पाउँछन् कि महाविर पुन जस्ताले बनाएका प्रदूषणमुक्त मोटरसाइकलहरूले प्राथमिकता पाउँछन्? नेपालमै उत्पादन गर्न सकिने सयौं ऊर्जा वायु ऊर्जा, जल ऊर्जा, काठको कोइला, दाउराबाट, फोहोरबाट, विद्युत आयोजना, जैविक ग्यास, सुधारिएको चुलो, सुधारिएको पानी घट्ट, इन्डक्सन चुलो हुनु पर्नेमा सबैको घरमा कार्बन ग्यासले स्थान लिएको छ।व्याख्यात्मक टिप्पणीसहित आएको यो विधेयकले

अहिलेको अवस्थालाई न्यूनीकरण गर्न सक्छ कि सक्दैन? माननीय मन्त्रीज्यूलाई म यो प्रश्न गर्न चाहन्छु। विशेषगरी नवीकरणीय ऊर्जाको स्रोत त्यसको संरक्षण..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य माया प्रसाद शर्मा।

(१५:२५ बजे)**माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):**- सम्माननीय अध्यक्ष महोदय, अलि गडबड भएछ यहाँ। मैले नाम काट्न पठाएको फेरि आइसक्यो। आइसकेपछि भन्नै पर्यो केही।

विशेष गरेर यो नवीकरणीय ऊर्जा विधेयक जो आएको छ। यो अहिलेको वस्तुगत आवश्यकतालाई परिपूर्ति गर्नका लागि र वातावरणीय संरक्षणका लागि आएको छ भन्ने मैले बुझेको छु। यसले विशेष गरेर यो अलिकता उठाउन खोजेको प्रत्यायोजित विधायनसँग पनि केही विषयहरू उठाएको छ र त्यो प्रत्यायोजित विधायनका विषयमा व्याख्या गरेको देखिन्छ। प्रत्यायोजित विधायनसम्बन्धी कानुनलाई जो हाम्रो राष्ट्रिय सभाको नियमावली अनुसार उल्लेख गरेकोलाई यसलाई सुनिश्चित गर्ने त्यसपछि प्रत्यायोजित विधायनसम्बन्धी सीमा र मान्यताहरूलाई अनुसरण अबलम्बन गर्नेलगायतका विषयहरू उल्लेख गरेको छ। मलाई लाग्छ, यो सकारात्मक पक्ष रहेको छ। र प्रत्यायोजित विधायनभित्रबाट, अधिकारभित्रबाट गलत मनसाय राख्ने विषयहरू घुस्ने गर्दछन्। र अनैतिकता, भ्रष्टाचार, अनियमितता पनि त्यहीँभित्रबाट घुस्ने गरेका छन्। विशेष गरेर विधायन निर्माण गर्दाखेरि त्यसलाई बढी ध्यान दियो भने उपुक्त हुन्छ भन्ने लागेको छ र यो कुरा उल्लेख गर्न खोजेका कारणले यो विधेयकले पनि एउटा नयाँपन दिन खोजेको छ भन्ने लाग्छ। अहिलेको यो आवश्यकतालाई पूर्ति गर्नका लागि जुन विधेयक आएको छ। त्यो सकारात्मक छ। सही छ। र यसलाई कार्यान्वयन गर्नका निमित्त विशेष पहल गर्नुपर्छ, जोड गर्नुपर्छ। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१५:२७ बजे)**माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले):**- सम्माननीय अध्यक्ष महोदय, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक पक्षको छलफलमा छौं हामी। नवीकरणीय ऊर्जा उत्पादन र विकास गर्ने र नागरिकहरूको आधारभूत आवश्यकता परिपूर्ति गर्ने सहुलियत दरमा चाहिँ आपूर्ति गर्ने भन्ने

समयसापेक्षरूपमा ल्याइएको यो विधेयकलाई म स्वागत गर्न चाहन्छु। विकास समिति ऐन, २०१३ अनुसार २०५३ सालमा गठन आदेशमार्फत वैकल्पिक विकास ऊर्जा समिति गठन गरी ल्याइएको थियो। र अहिले यो विधेयकले प्राकृतिक वातावरणमा परेको, पर्न सक्ने नकारात्मक असरलाई कमी गर्न, जोखिम न्यूनीकरण गर्न, वनस्पति र जैविक विविधता संरक्षण गर्न, त्यसबाट नवीकरणीय ऊर्जा उत्पादन गर्न, जनताका आधारभूत आवश्यकता पूरा गरी वातावरणीय स्वच्छतासम्बन्धी चेतना जगाउने उद्योगको स्थापना गर्ने गरी ल्याइएको यो विधेयक सौर्य, जैविक, वायु र जल स्रोतका साथै पेट्रोल, डिजेल, मट्टितेललगायतका विषयवस्तुलाई यसले समेटेको छ। नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै जैविक ग्यास, सुधारिएको चुलो, पानी घट्ट, वनबाट प्राप्त हुनसक्ने सामग्रीहरूको प्रयोगको विषयमा दक्षता र सीपको विकास गर्दै प्रदेश र स्थानीय तहको सरकारसँग पनि समन्वय, सहकार्य र साझेदारी गर्ने भनेको छ यसले। र नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता सीप विकास उद्योगको स्थापना र सञ्चालन गर्ने भनेर भनिएको छ। र यसमा मलाई एउटा प्रश्न चाहिँ के लाग्यो भने यो विधेयकले आर्थिक भार पार्ने देखिन्छ र यो आर्थिक भारलाई पूरा ठुलो मात्रामा पर्ने भएकोले यसलाई पूरा कसरी गर्न सकिन्छ? भन्ने एउटा चाहिँ मेरो मनमा प्रश्न चाहिँ रहेको छ। अर्को विधेयकको चाहिँ मस्यौदाले स्वरूप जुन चाहिँ निर्धारण गरेको छ। यो स्वरूप निर्धारणको सम्बन्धमा चाहिँ अलि ठुलो छ जस्तो मलाई चाहिँ लाग्यो स्वरूप। त्यसले गर्दा यसलाई प्रभावकारी कसरी बनाउन सकिन्छ र यो विधेयकले गर्न नसकेको अर्को एउटा विषयवस्तुलाई समेट्नुपर्छ कि भन्ने पनि मलाई लाग्यो। यो सोलार, वायो ग्यास र उद्योगहरूबाट उत्पन्न हुने जुन अवशेषहरूको पदार्थहरू छन्। त्यसै गरी ऊर्जा उत्पादन गर्न सकिने फोहोर मैलाका कुराहरूबाट निकाल्न सकिने जुन ऊर्जाहरू छन्। यो विषयमा चाहिँ अलि छोएको छैन। यसतर्फ पनि यसलाई प्रभावकारी बनाउनको निम्ति पहल गर्नुपर्छ र यसलाई अझै परिपक्क बनाउनको निम्ति विधायन समितिमा लगेर छलफल गराउँनको निम्ति म अनुरोध गर्न चाहन्छु। हवस् त । धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य रेनु चन्द।

(१५:२९ बजे)<u>माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलमा छौं। यसको नामले नै यो विधेयकको अन्तर्य स्पष्ट पार्दछ। दोस्रो कुरा यो संविधानको धारा ५१ को खण्ड ६ को उपखण्ड ३ मा नवीकरणीय ऊर्जाको

उत्पादन तथा विकास गर्दा नागरिकका आधारभूत आवश्यकताको पदपूर्तिको लागि सुपथ र सुलभरूपमा भरपर्दो ऊर्जा आपूर्ति सुनिश्चितता गर्न तथा ऊर्जाको समुचित प्रयोग गर्ने व्यवस्था रहेको छ। यो धारामा टेकेर यो विधेयक आएको हुनाले यसले संविधानलाई पनि लागू गर्नेछ र जनतालाई प्रत्यक्ष लाभ मिल्नेछ भन्ने मैले विश्वास लिएकी छु। ऊर्जा दक्षताबाट बचत भएको ऊर्जालाई ऊर्जाको पहुँच कम भएको क्षेत्रमा वितरण गर्ने कुरा यसले गर्दछ। यसले चाहिँ ऊर्जामा पहुँच कम भएका क्षेत्रहरूमा एउटा आशाको सञ्चार गरेको छ। यो विधेयक पारित भएपछि नेपालमा नवीकरणीय ऊर्जाको विकास हुने, वितरणको सहज वातावरण तयार हुने, मैले विश्वास लिएको छु। जीवाश्म तथा परम्परागत ऊर्जाको प्रयोगमा हाम्रो निर्भरता घट्ने र नवीकरणीय ऊर्जाका स्रोतबाट प्राप्त ऊर्जामा हामी आत्मनिर्भर हुने सकारात्मक कुरा यसमा हामीले देखेका छौं। यो समुदायको प्रत्यक्ष लाभ जनतासमक्ष पुगोस् भनेर मन्त्रीज्यूको ध्यान जाओस्। यद्यपि उहाँले यहाँ लेख्नु भएको छ कि स्थानीय तह, प्रदेशसँग मिलेर काम गरिनेछ। अलि जटिलता सङ्घीयता लागू भइसके पछाडि पनि अलि जटिलता भएको हुनाले यसमा विशेष ध्यान जाओस् ता कि जनताले यसको प्रत्यक्ष लाभ उठाउन सकुन्। वातावरणीय pollution मा पनि सुधार आउने अपेक्षा हामीले राखेका छौं। मैले विधेयकको स्वागत र समर्थन गर्दछु। धन्यवाद।

<u>सम्माननीय अध्यक्षः</u>- माननीय गोपाल भट्टराई।

(१५:३२ बजे)<u>माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयकको सैद्धान्तिक छलफलमा हामी छौं। यो खास गरेर २०७२ सालमा हाम्रो संविधान बन्यो। संविधानले व्यवस्था गर्यो धारा ५१ मा, ५१ को ६ उपखण्ड ३ मा, त्यसलाई कार्यान्वयन गर्न हामीले ढिलै गर्या छौं। यो ढिलै भए पनि आएको छ। यो कार्यान्वयनको चरणमा जानको निम्ति तदारुकताकासाथ यसलाई अब पारित गरेर अगाडि बढाउनु पर्ने आवश्यकता छ। खास गरेर यो डिजेल, मट्टितेल, पेट्रोल, ग्यास आदि ऊर्जाहरू खास गरेर कोइला यिनी ऊर्जाहरूबाट उत्सर्जन हुने ग्यासले हाम्रो वातावरणलाई प्रभाव पारेको छ। नवीकरणीय ऊर्जाको सन्दर्भमा अहिले चाहिँ बिजुलीलगायतका ऊर्जाहरू अहिले चाहिँ आवश्यक भएको छ। त्यसो भएको हुनाले संसारले हामीले चाहिँ यस्तो खालको ऊर्जा विकास गर्नु पर्छ भनेका छौं। संसारले अझै पनि त्यसलाई बढी ध्यान दिएको छैन। त्यसो भएर हामीले सम्बन्धित पक्षलाई पनि नवीकरणीय ऊर्जा, यो स्वच्छ वातावरणीय ऊर्जामा अगाडि बढ्न हामीले

प्रेरित गर्नु पर्छ भन्ने मलाई लाग्छ। यो खास गरेर अहिले हामी संसारलाई, संसारमा यो वातावरणीय प्रभावले मान्छेलाई पारेको प्रभाव, जैविक क्षेत्रमा परेको प्रभाव, वन्यजन्तु आदि इत्यादि सबै क्षेत्रमा परेको चाहिँ प्रभावलाई कम गर्नको निम्ति यो विधेयक अनुकूल छ भन्ने मलाई लाग्छ। यसको निम्ति हामीले अझै धेरै काम गर्नु पर्छ र छलफल गरेर दफावार छलफलमा यसलाई समृद्ध गराउने गरी जाने छौं। यत्ति कुरा राखेर मेरा भनाइहरू अन्त्य गर्छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्य गोपी बहादुर आछामी सार्की।

(१५:३४ बजे)<u>माननीय श्री गोपी बहादुर आछामी सार्की (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, माननीय ऊर्जा मन्त्रीले नेपाल सरकारको तर्फबाट नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रस्तुत गर्नुभएको छ र त्यसको आज हामी सैद्धान्तिक छलफलमा भाग लिइराखेका छौं। सैद्धान्तिक तथा नीतिगतरूपमा जसरी यो विधेयक आएको छ। म त्यसलाई हार्दिकतापूर्वक समर्थन, स्वागत र सम्मान पनि गर्न चाहन्छु। विश्वमा ऊर्जाका दुईवटा स्रोतहरू छन्। एउटा स्रोत चाहिँ जीवाश्म अथवा त्यो चाहिँ पुराना पेट्रोल, मट्टितेल, कोइला आदि जस्ता जुन डिजेल जस्ता चाहिँ ऊर्जाका स्रोतहरू हुन् जसले चाहिँ विश्व वातावरणमा असाध्यै ठुलो प्रभाव पारिराखेको छ। यसले जलवायु परिवर्तनमा, मानव जीवनमा र जीवजन्तुहरूको चाहिँ बाँच्न पाउने अधिकार यो सबैलाई यसले असर गरिराखेको छ। र विशेष गरेर चाहिँ पुँजीवादी शक्ति राष्ट्रहरूले चाहिँ विश्वमा चाहिँ आफ्नो शोषणको राज्य कायम गर्नको निम्ति र नाफा अत्यधिक कमाउनको निम्ति जुन ढङ्गले चाहिँ यो अत्याचार गरिराखेका छन् यसलाई हामीले चाहिँ काउण्टर गर्न जरुरी पनि र आवश्यक पनि थियो त्यसकारणले गर्दाखेरि नवीकरणीय ऊर्जा जसको स्रोत भनेको चाहिँ सौर्य ऊर्जा, जैविक, वायु, जलस्रोत जस्ता ऊर्जालाई प्रवर्धन गर्न आवश्यक भएको कारणले गर्दाखेरि यो विधेयक जसरी नेपाल सरकारको तर्फबाट चाहिँ यहाँ संसदमा प्रस्तुत भइराखेको छ। यो विधेयक बनिसकेपछि चाहिँ ऊर्जा उत्पादनमा वृद्धि गर्न सकिन्छ। वितरणलाई व्यवस्थित गर्न सकिन्छ र विशेष गरेर यसको प्रयोग र चाहिँ प्रयोगलाई सहज बनाउन सकिन्छ वा यो विश्वमा जसरी आधुनिकीकरण, यान्त्रिकीकरण र यो प्रविधि सूचनाको जुन जसरी विकास भइराखेको छ त्यो विकासलाई पनि व्यवस्थित गर्न सकिन्छ र मानव जीवन र मानव स्वास्थ्यलगायतका जीवजन्तुको चाहिँ स्वस्थ्य भएर बाँच्न पाउने अधिकारलाई चाहिँ व्यवस्थित गर्नको निम्ति जसरी चाहिँ यो

विधेयक आएको छ। म यो विधेयकको स्वागत, सम्मान र समर्थन गर्न चाहन्छु। हवस् त धन्यवाद।

<u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य नर बहादुर विष्ट।

(१५:३७ बजे)<u>माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, नवीकरणीय ऊर्जा विधेयक अब आएको छ। स्वागतयोग्य छ। यसले चाहिँ नयाँ लगानीमैत्री बन्ने देखिन्छ। मैले यो नाम अगाडि टिपाएको रहेछु त्यो हुनाले माननीयज्यूहरू धेरैले यो समर्थन गरिसकेको हुनाले मैले पनि समर्थन गर्दै आफ्नो मन्तव्य अन्त्य गरें।

<u>सम्माननीय अध्यक्षः</u>-माननीय सदस्य भगवती न्यौपाने।

(१५:३८ बजे)<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्षज्यू, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलमा हामी छौं। ऊर्जा मानव जीवनका लागि महत्त्वपूर्ण कच्चा पदार्थ हो। ऊर्जा बिना जीवन चल्न सक्दैन। नेपालको संविधानको धारा ५१ (६) को (३) मा नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै प्रयोग गर्ने विषयमा उल्लेख गरिएको छ। परम्परागत ऊर्जाको अत्यधिक प्रयोगले हरित गृह ग्यासहरू उत्सर्जन भई पृथ्वीमा तापक्रम बढ्दै गएको, जसका कारणले गर्दा वातावरणमा नकारात्मक असर पर्न गई मौसमको स्वरूपसमेत परिवर्तन भएको विषय यो विधेयकमा उल्लेख गरिएको छ। त्यसकारणले गर्दा सौर्य, जैविक, वायु तथा जलस्रोत जस्ता नवीकरणीय ऊर्जाको स्रोतहरूको विकास र प्रयोग आजको आवश्यकता हो। जुन कुरा यहाँ व्यवस्थितरूपमा उठाइएको छ विधेयकमा। यस विधेयकमा चौध वटा उद्देश्यहरू राखिएका छन्। र विधेयकमा ल्याउनै पर्ने सातवटा कारणहरू उल्लेख गरिएको छ, विधेयक ल्याउनै पर्ने कारणहरू। यो विधेयक ल्याउनै पर्ने विधेयक हो। म यो विधेयकको समर्थन गर्दछु, स्वागत गर्दछु। यो विधेयकलाई व्यवस्थित गर्नका निम्ति र मर्यादित बनाउन समृद्ध बनाउनको निम्ति विधायन व्यवस्थापन समितिमा पठाएर यसलाई अझ थप समृद्ध बनाउन सकिन्छ। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१५:३९ बजे)**माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:-सम्माननीय अध्यक्ष महोदय, हाम्रो देशले जीवाश्म इन्धनका स्रोतहरू पेट्रोल, डिजेल, मट्टितेल, कोइला, झर्रो, लैठा प्रयोग गरी दैनिक आवश्यकता टार्दै आएको छ। पछिल्लो समयमा नवीकरणीय ऊर्जाका स्रोतहरू सौर्य, वायु, जैविक तथा जलस्रोतका जस्ता आधुनिक तथा नवीकरणीय ऊर्जाको विकास र प्रयोग हुँदै आइरखेको छ। परम्परागत ऊर्जा जीवाश्मले हरित गृह ग्यास जस्तो उत्सर्जनले पृथ्वीको तापक्रम बढ्दै जाँदा नकारात्मक असर र मौसम परिवर्तन हुनुले जगत र जीवनलाई सङ्कटग्रस्त बनाइरहेकोले यस सङ्कटलाई कमी गरी सहज जीवन पाउन नवीकरणीय ऊर्जा अथवा आधुनिक ऊर्जा प्राप्त गर्नै पर्ने अवस्थालाई मध्यनजर गरी नवीकरणीय ऊर्जाको प्रवर्धन, विकास र विस्तार गरी जगत र जीवनको आवश्यकतालाई परिपूर्ति गर्न सक्ने ऐन, कानुन बनाउनु आजको सरकारको प्रमुख आवश्यकता र दायित्व पनि हो। हाम्रो संविधानको धारा ५१ (६) (३) अनुसार नागरिकलाई सुलभ र सुपथरूपमा ऊर्जा आपूर्ति गर्ने भन्ने व्यवस्थाअनुरूप यो विधेयक आएको देखिन्छ। राष्ट्रिय ऊर्जा रणनीति, २०७५ ले ऊर्जाको क्षमता बढाउन र ऊर्जा क्षमता हासिल गर्न राष्ट्रिय कानुनको निर्माण गरी नियमन गर्ने निकायसमेत स्थापना गर्ने रणनीति लिएकोले नेपाल सरकारका जलस्रोत तथा सिँचाइ मन्त्रालयको नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विधेयक तर्जुमा गरेको देखिन्छ। यो विधेयक पारित भई ऐन बनेमा नवीकरणीय ऊर्जाको विकास र वितरणमा सरल हुने, दक्ष, प्रविधि र उपकरण प्रयोगमा ल्याउन सकिने, जलवायु परिवर्तनको असर न्यूनीकरणमा योगदान पुग्ने, ऊर्जा दक्षताबाट बचेको ऊर्जालाई ऊर्जा कम भएको स्थानमा वितरण गरी दिगो विकासमा टेवा पुग्ने प्रतिबद्धता बोकेको देखिन्छ। नवीकरणीय ऊर्जा प्रवर्धन, विकास, विस्तार गरी वातावरणीय संरक्षणमा योगदान पुर्‍याउन कानुनी व्यवस्था गर्ने, ऊर्जामा नागरिकको पहुँच बृद्धि गर्न केही तहको सरकार बिच आवश्यक सहकार्य, समन्वय तीनै तहका सरकारी साझेदारी आयोजना सञ्चालन गर्ने प्रयोग र उपयोग सर्वसाधारणमा पहुँच वृद्धि गरी दिगो विकासको लक्ष्य हासिल गर्ने उद्देश्य पनि बोकेको छ। पिछडिएको क्षेत्र र जनसमुदायमा नवीकरणीय ऊर्जाको पहुँच विस्तार गरी अनुदान तथा ऋणसम्बन्धी कानुनी व्यवस्था गर्ने, बजार व्यवस्थापनमा सहयोगी भूमिका निर्वाह गर्ने तथा दक्षता कोष व्यवस्थापन गर्ने, अनावश्यक र वैज्ञानिक, अवैज्ञानिक खपत गर्ने प्रणालीको अन्त्य गर्दै व्यापार घाटा न्यूनीकरण गर्ने नवीन उद्देश्य बोकेको देखिन्छ। नवीकरणीय ऊर्जा विकास, विस्तार, प्रयोग प्रणालीलाई प्रबर्धन गरी जलवायु परिवर्तनको असर न्यूनीकरणमा सकारात्मक काम गर्न विश्वव्यापी अभियानमा योगदान पुर्‍याउने प्रतिबद्धता बोकेकाले यो विधेयक आजको

अनिवार्य आवश्यकता भएकोले त्यसैले यस विधेयकलाई म पूर्णरूपमा समर्थन गर्दछु। धन्यवाद। लाल सलाम।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य कमला पन्त।

(१५:४३ बजे)**माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)**:-अध्यक्ष महोदय, यो नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्थित गर्न बनेको विधेयक संविधानको भावना र मर्मलाई आत्मसात् गर्दै आएको यो विधेयकले उद्देश्य र कारण स्पष्ट पारेको छ। र नवीकरणीय ऊर्जालाई दिगो विकासको लक्ष्य र जलवायु परिवर्तनका सवालसँग सिधासिधा जोड्न प्रयत्न गरेको छ। र यसले जोड्नु पनि पर्दछ। नवीकरणीय ऊर्जालाई आम गृहिणी महिलाहरूको स्वास्थ्य र सहज सर्वसुलभ उपभोग गर्न, उपयोगसँग जोड्नु पर्दछ। नेपालमा पर्याप्त सम्भावना भएको ऊर्जालाई नेपाल र नेपालीको समृद्धिसँग प्रत्यक्षरूपमा जोड्नु पर्दछ। अबको विश्व ऊर्जाभित्र पनि नवीकरणीय ऊर्जा उन्मुख हुँदै गएकोले नेपालले समयमै यसतर्फ काम गर्नु पर्दछ र यो विधेयकले यसको परिपूर्ति गर्छ भन्ने विश्वास मलाई लागेको छ। नवीकरणीय ऊर्जा र दक्षता सम्बन्धमा व्यवस्था गर्न आएको यो विधेयकले दिगो विकास लक्ष्यका कार्यान्वयन सुरु भएको आठ वर्षपछि भए पनि दिगो विकास लक्ष्यलाई नै उद्देश्य बनाएकोले त्यही सन्तोष मान्नु पर्ने अवस्था छ। म धन्यवाद दिन चाहन्छु। विधेयकको उद्देश्य र विधेयकमा भएका व्यवस्था बिचको लक्ष्यका सम्बन्धमा दफाबार छलफलमै धेरै छलफल हुने नै छ। हामी दफाबार छलफलमा जानको निम्ति पनि म अनुरोध गर्दछु। सरकारले प्रत्यायोजित व्यवस्थाको दुरुपयोग गरिरहेकै छ। प्रत्यायोजित व्यवस्थालाई कम गर्दै सारभूत विषयलाई विधेयकमै कायम गर्नु पर्दछ। कतिपय संरचनाहरूलाई स्वायत्त र स्वशासित भन्न रुचाउने सरकारले व्यवहारमा नै नियन्त्रण गरेकै छ। त्यसैले यो नवीकरणीय ऊर्जाले जस्तै हामी पहिला पनि गोबर ग्यासबाट पनि ऊर्जा उत्पादन गरेर हामीले गाउँघरतिर उपभोग गर्दै आएकै हो। र अहिले पूर्ववक्ता माननीयज्यूले भने झैं फोहोरबाट उत्पादन गर्ने ऊर्जालाई पनि यसमा समेट्नु पर्छ भन्ने मैले महसुस गरेको छु र यसलाई छलफलबाट समृद्ध गराउँन सकिन्छ अझै भन्ने विश्वासका साथ मेरो भनाइ अन्त्य गर्छु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**-माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१५:४६ बजे)<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-सम्माननीय अध्यक्षज्यू, हामी नवीकरणीय ऊर्जा नै उत्पादन गरिरहेका छौं। लामो समयपछि नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विधेयक, २०८१ आएको छ। योभन्दा अगाडि के को आधारमा ऊर्जा उत्पादन भएको थिए भन्ने कुरा चाहिँ म सोध्न चाहन्छु। अर्को नवीकरणीय ऊर्जाका लागि रेफ्रिजिरेटरहरू, यो ग्यास चुलोहरू र विभिन्न खालको उपकरणहरू जडान गरिनेछ भन्ने कुराहरू उहाँले हिजो वक्तव्यमा राख्नु भएको थियो। त्यसो गर्दाखेरि एउटा खालको चाहिँ आर्थिक भार थप्ने र यसमा अलि फरक ढङ्गले चाहिँ उपकरणहरू खरिद गर्ने, हिजो विद्युत चुहावट गर्ने र विद्युतमा चाहिँ घोटाला गर्दाखेरि चाहिँ थुप्रै उपकरणहरू जनताले किनेर राखेको र अठार घण्टाको चाहिँ हामीले लोडसेडिङ्ग बेहोरेका छौं। त्यसो गर्दाखेरि हाम्रो यसभित्र कतै मन्त्रीज्यूहरू प्रभावित हुनु भएको त छैन? यहाँ थुप्रै चाहिँ साधनहरू खरिद गर्न, नयाँ जडान गर्ने र नयाँ उत्पादन गर्ने भन्ने कुराहरू उठिराख्दाखेरि चाहिँ यहाँ अलिक गम्भीरतापूर्वक पनि हेर्नुपर्छ कि भन्ने चाहिँ मैले विषय राख्न चाहन्छु। र यसले केही थप पोजेटिभ कुराहरू, राम्रा कुराहरू ल्याएको छ। स्थानीय तहमा उत्पादन गर्ने र स्थानीय तहबाट बढी भएको उत्पादनलाई केन्द्रीय प्रसारणमा जोड्ने र विक्री वितरणमा ध्यान दिने भन्ने कुराहरूलाई यसले जोड दिएको छ। अर्को कुरा विद्युतको खपतलाई घटाउने भन्ने कुराहरू उहाँले राख्नु भएको छ। विद्युतको खपतलाई घटाउँदाखेरि सबै भन्दा पहिला हामीले सरकारी अफिसहरूमा चाहिँ नियन्त्रण गरौं। सरकारी अफिसहरूलाई नियमन गरौं। र त्यहाँ चाहिँ प्रयोग भइरहेको विद्युतलाई व्यवस्थित गरौं भन्ने कुराहरू म राख्न चाहन्छु। अफिसहरूमा हामीले अत्यधिक ऊर्जा खपत गरिराखेका छौं। साधन स्रोतहरूमा अत्यधिक खपत गरिराखेका छौं। र यो हाम्रो हो। यो मेरो हो। यो हामीले जोगाउन पर्छ भन्ने खालको प्रवृत्ति हामीसँग छैन। हामीले ऊर्जालाई जोगाएर हामीले चाहिँ खपतमा जोगाएर हामीले चाहिँ बिक्री गर्न सक्छौं। बचत गर्न सक्छौं। र हामी जोगाउनतिर जाउँ भन्ने नवीकरणीय ऊर्जाको हिसाबले हामी जुन जाने चाहिँ संवैधानिक व्यवस्था थियो। यो ढिलो गरिएको छ र यसमा थप कुराहरू पनि मैले केही राखें। यति भन्दै मेरो आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु। हवस् त । धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्य युवराज शर्मा।

(१५:४८ बजे)<u>माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)</u>:-सम्माननीय अध्यक्ष महोदय, यो प्रस्तुत नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयकको सम्बन्धमा भन्नु पर्दा विधेयक

आफैमा केही पनि हुँदैन। विधेयक भनेको कागजमा कोरिएका केही अक्षरहरू हुन। तर त्यो विधेयकले समय सापेक्षतालाई अङ्गालेको छ कि छैन महत्त्वपूर्ण कुरा त्यो हो। र त्यो विधेयकको सम्बन्धमा हामीले कतिसम्म त्यसलाई परिपालना गर्न सक्छौं। त्यो महत्त्वपूर्ण कुरा। जस्तै यसमा लेखिएको छ- प्रस्तुत वातावरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयकको सम्बन्धमा उद्देश्य वातावरण संरक्षणमा योगदान पुग्न गई जलवायु परिवर्तनको असर न्यूनीकरणमा सकारात्मक योगदान पुग्न गई सेवामा उत्पादन लागत न्यून हुने भन्ने उल्लेख गरिएको छ। अहिलेसम्म हामीले आयातीत ऊर्जामा यान्त्रिक ग्यास, डिजेल, मट्टितेल आदि इत्यादिको प्रयोग गर्दै छौं। प्राकृतिक ऊर्जामा दाउरा, कोइला आदि छन् भने सौर्य ऊर्जा त्यो हामीले उत्पादन गर्न पनि सकिरहेका छैनौं। अनि प्रमुख हाम्रो चाहिँ हाम्रो देशमा उत्पादन हुने भनेको जलस्रोत ऊर्जा नै हो। र जलस्रोत ऊर्जामा लागत घटिरहेको छैन सम्माननीयज्यू, बढिराखेको छ।

किनभने जब हामीले जुन जहाँ भूमिको जमिनको जुन हामीले मुआब्जा वितरण गर्छौं। त्यसको बढिरहेको छ। त्यसको लागत पनि विद्युतमा जोड्दाखेरि त्यो पनि बढिरहेको छ भने एउटै खोलामा दुई तीन ठाउँमा विद्युत निकालेर हामीले वातावरण संरक्षण नै बिगारिरहेका छौं। र यसरी वातावरण संरक्षण पनि गर्न सकेका छैनम् र हामीले चाहिँनी के विद्युतलाई सस्तो पनि गर्न सकिरहेका छैनौं। किन लागत मूल्य हामीले बढाइरहेका छौं। त्यसकारण यो वातावरणको राम्ररी अध्ययन नगरी हामीले वातावरण तहसनहस गरिरहेका छौं। यस्ता गहन अध्ययन गरेर नीतिको तर्जुमा गर्नु, नीतिमा व्यापक परिवर्तनको अपेक्षा पनि गर्दछु। यसतर्फ पनि म सम्माननीय अध्यक्षज्यूमार्फत सम्बन्धित मन्त्रालयको ध्यान आकृष्ट गराउँन चाहन्छु। अन्त्यमा एउटा अतिरिक्त कुरा म के उठाउन चाहन्छु भने उद्योगहरूका विद्युतमा महसुल बक्यौता सम्बन्धमा गठित आयोगको प्रतिवेदन सार्वजनिक कहिले गर्ने हो? माननीय मन्त्रीज्यूले यता पनि जवाफ दिनुहुन्छ कि भन्ने आशा पनि राखेको छु। यसरी हामीले यस विधेयकमा उल्लिखित गरेका, उल्लेख भएका सम्पूर्ण कुराको परिपालन गरेर हामीले विद्युत ऊर्जा सस्तो वा वातावरण संरक्षण गर्न सक्यौं भने बल्ल यो विधेयकको चाहिँनी महत्त्व हुनेछ भन्ने आफ्नो विचार राख्दै विदा लिन्छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय भुवन बहादुर सुनार।

(१५:५१ बजे)<u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ को

सैद्धान्तिक छलफलमा छौं। यसमा यो ढिलो गरी भए पनि जुन विधेयक आएको छ। यो स्वागतयोग्य छ। किन त भन्दा यतिबेला यो विश्व नै यो fossil energy ले गर्दा अत्त्यधिक कार्बन उत्सर्जन भएको देखिन्छ र मानव जातिकै यसले चाहिँ विनाश गर्ने बाटोतिर गइराखेको छ। यस्तो बेलामा हाइड्रो इनर्जी अथवा स्वच्छ इनर्जी चाहिँ उत्पादन गरेर यसलाई उपयोग गरेर मानव मात्रै होइन यो चाहिँ जलवायु परिवर्तनमा पनि र भोलि त्यसले विपद्लाई नै प्रभाव पार्छ। त्यो यति आवश्यक थियो र यो विधेयक आएको छ। यसले चाहिँ अब धेरै चाहिँ कामहरूलाई सहज बनाउँछ भन्ने लागेको छ किन त भन्दा चाहिँ जब हामीले चाहिँ fossil energy लाई स्थापित गर्दै यो हाइड्रो इनर्जीहरू अथवा सोलर र वायु इनर्जीलाई प्राथमिकता दिँदै अब हामीले स्वच्छ चाहिँ इनर्जी उत्पादन गरेर सम्पूर्ण जनतालाई चाहिँ जनताको दैनिक काममा पनि उपभोग गर्ने र राज्यमा चाहिँ उद्योग धन्दालाई टेवा पुग्ने भएकोले गर्दा हामीले यसलाई समयमा आउनु पर्ने थियो। अहिले आयो यसलाई स्वागत गर्दै यो चाहिँ हाइड्रो इनर्जीलाई नेपाल जस्ता देशमा चाहिँ यसलाई प्रोत्साहित गर्ने आवश्यकता छ। र यो हाइड्रो इनर्जी नेपालमा सम्भावना नै सम्भावना भएको र यसभन्दा अगाडि नेपालको चाहिँ यति ठूलो शक्ति चाहिँ त्यसै खेर गइरहेको यो अवस्थामा चाहिँ जुन विधेयक आएको छ। यो विधेयकले जसरी चाहिँ यो इनर्जी उत्पादनमा यसले सहयोग पुर्याउने छ र जस्तै भनियो नि हामीले यो खेर गएका चाहिँ चिजहरू जस्तै गोबर ग्यासबाट, हावाबाट पनि प्रशस्त मात्रामा बिजुली निकाल्न सकिन्छ। नेपालले एक सय युनिट त सोलारबाट चाहिँ यो इनर्जी उत्पादन गर्नु पर्छ भनेर लक्ष्य नै राखेको छ। र यस वर्ष नेपालले १५०० यो चाहिँ हाइड्रो इनर्जी उत्पादन गर्ने लक्ष्य राखेको छ। यही सेरोफेरोलाई चाहिँ सशक्त बनाउन आएको विधेयकमाथि समर्थन गर्दै ..... (समय सकिएको) ।

<u>सम्माननीय अध्यक्ष</u>ः-विष्णु देवी पुडासैनी।

(१५:५४ बजे)<u>माननीय श्री विष्णु देवी पुडासैनी (नेपाली काँग्रेस)</u>ः-सम्माननीय अध्यक्ष महोदय, नवीकरणीय ऊर्जासम्बन्धी माननीयज्यूहरूले राख्नु भएको सम्पूर्ण कुरामा मेरो पनि पूर्ण समर्थन गर्न चाहन्छु। हाम्रो देशमा विद्युत उत्पादन राम्रो भइराखेको छ। विद्युतीय सामग्रीहरू बढी प्रयोग गर्न ल्याउन सकियो भने धेरै नै राम्रो हुने कुरा हामी सबैलाई थाहा नै छ। जस्तै पेट्रोल, डिजेलको लागि कति लाइन बस्नुपर्छ। त्यसले गर्दा कति वातावरण प्रदूषण बनाएको छ। त्यस्तो कुरालाई पनि ध्यानमा राखेर अहिले जलविद्युतीय सवारीहरू पनि एकदमै जनताको उत्साह बढेको छ। त्यसको लागि विद्युतीय साधनलाई नै बढी प्राथमिकता दिने गरी हामीले अगाडि

बढाउन सक्यौं भने वायु प्रदूषण पनि कम हुन्छ र हाम्रो बाहिर जाने पैसा पनि पेट्रोल, डिजेलको लागि बाहिर जाने पैसा पनि रोकिन्छ। त्यसैले गर्दा म मन्त्रीज्यूलाई सम्माननीय अध्यक्षमार्फत मन्त्रीज्यूलाई के आग्रह गर्न चाहन्छु भने विद्युतीय सवारी साधनलाई विशेष उत्साहित गर्न, जनतालाई उत्साहित गर्नको लागि त्यसको लागि केही percent भन्सार छुट गर्नु पर्छ कि राजस्व तिर्नमा केही छुट गरेर हुन्छ कि त्यो विद्युतीय साधनलाई बढी प्रयोग गर्ने खालको वातावरण बनाउनको लागि पनि म आग्रह गर्छु। किनभने यसले वातावरण पनि एकदमै राम्रो बनाउँछ र हाम्रो पैसा पनि बाहिर जाँदैन। त्यसले गर्दा मन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु। धन्यवाद।

(१५:५६ बजे)<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्यहरू, "नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्ति बहादुर बस्नेतलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१५:५६ बजे <u>माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री शक्ति बहादुर बस्नेत</u>ः- सम्माननीय अध्यक्ष महोदय, सबैभन्दा पहिले नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयकको सैद्धान्तिक छलफलमा माननीयज्यूहरूले व्यक्त गर्नु भएका महत्त्वपूर्ण भनाइहरू, सुझावहरूको लागि म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। र म आभारसमेत व्यक्त गर्न चाहन्छु। र म आभारसमेत व्यक्त गर्न चाहन्छु। धेरै महत्त्वपूर्ण सुझावहरू पनि यहाँ व्यक्त भएका छन्। मलाई के विश्वास छ भने दफावार छलफल हामी थप विधायन समितिमा गर्ने नै छौं र विधायन समितिमा हुने दफावार छलफलको क्रममा यो थप समृद्ध हुने मैले विश्वास लिएको छु। अझ यसमा व्यापक छलफल हुने मसिनो छलफल हुने मैले विश्वास पनि लिएको छु र मन्त्रालय त्यसको निम्ति ओपन पनि छ। त्यहाँ हामीले छलफल गरेर यसलाई समृद्ध गर्ने छौं। म आग्रह पनि गर्न चाहन्छु। म त्यसैले अहिले दफावार विषयहरूमा नै म त्यति धेरै प्रवेश गर्न मैले आवश्यक ठानेको छैन। हामी समितिमा यो विषयमा सघन छलफल गर्ने नै छौं। र यसलाई थप समृद्ध पनि आवश्यकता अनुसार गर्दै जानेछौं।

अब जहाँसम्म यो विधेयकका दुईवटा पक्ष छन्। एउटा नवीकरणीय ऊर्जा र अर्को ऊर्जा दक्षताको विषय। नवीकरणीय ऊर्जा हाम्रो निम्ति त यसकारण पनि महत्त्व छ। यसका दुवै पक्ष छन्, महत्त्वका उद्देश्यले हेर्दा। एउटा यसको वैश्विक दृश्य भयो। अहिले जलवायु परिवर्तनका

कुराहरू गरिराखेका छौं। यो जलवायु परिवर्तनको प्रभाव, दबाब जुनरूपमा बढ्दै गइराखेको छ। त्यो स्थितिमा अब त्योबाट केही न केही रिलिफको निम्ति पनि हामी नवीकरणीय ऊर्जा प्रवर्धनको क्षेत्रमा हामी काम गर्नै पर्ने छ। यो एउटा वैश्विक र विश्वव्यापी परिदृश्य छँदै छ। र त्यो दृष्टिले हेर्दा हामीले अझै नेपाल जलवायु परिवर्तनको दृष्टिले अत्यन्त vulnerable छ, जोखिमयुक्त छ। त्यसकारण हामी यो जलवायु परिवर्तनको नकारात्मक प्रभावबाट हामी कसरी सुरक्षित रहनेबारे धेरै छलफल राष्ट्रिय, अन्तर्राष्ट्रिय फोरमहरूमा प्रशस्त छलफल गर्दै आएको दृष्टिले नवीकरणीय ऊर्जाको प्रवर्धन, विकास र विस्तारको बारेमा हाम्रो ध्यान जाने स्वाभाविक ढङ्गले आवश्यक पनि छ। यो महत्त्वपूर्ण पनि छ। यो एउटा पक्ष भयो।

दोस्रो पक्ष पनि छ। हामी कहाँ जीवाश्म इन्धनका स्रोतहरूको ऊर्जाको स्रोतहरू बारेमा चर्चा गर्दा त्यो सबै आयातीत जस्तो छ हाम्रो सन्दर्भमा त्यो अधिकतम आयातीत छ। जसले गर्दाखेरि हाम्रो व्यापार घाटाको प्रश्न छ। आर्थिक हिसाबले हामीले बेहोर्नु परिराखेका केही दायित्वहरूका कुराहरू छन्। यी सबै यो जीवाश्म ऊर्जाको स्रोत हाम्रो आयातीत नवीकरणीय ऊर्जाको स्रोत हाम्रो भूअवस्थिति, हाम्रो भूबनोटको कारणले नवीकरणीय स्वरूप ऊर्जाको दृष्टिकोणले हेर्दा हामी अलि सम्पन्न जस्ता, चाहे त्यो जलस्रोतको हिसाबले होस्, चाहे अब हाम्रो भूअवस्थितिको हिसाबले हेर्दाखेरि सोलार इनर्जीले पनि यो अत्यन्त महत्त्वपूर्ण छ र सम्भावनायुक्त छ। हामीसँग हाम्रो जुन भूगोल छ, यो भूबनावट छ। यो दृष्टिले हेर्दाखेरि वायु ऊर्जाको wind power को हिसाबले हेर्दा पनि प्रचुर सम्भावनाहरू हामी चाहिँ देखिरहेका छौं र त्यसको बारेमा अध्ययन, अनुसन्धानहरू पनि हुँदै गइराखेका छन्। मैले मात्रै यति भनेँ नवीकरणीय ऊर्जा स्रोत हामीसँग उपलब्ध छ। जीवाश्म ऊर्जाको स्रोतहरू हामीले चाहिँ आयात गर्नु परिराखेको स्थितिमा नवीकरणीय ऊर्जाको क्षेत्रमा हाम्रो विशेष ध्यान पुग्नु जोड पुग्नु जरुरी नै छ। त यहाँ अब नवीकरणीय ऊर्जाको स्रोत बारेमा त अघि कुरा नै भइहाल्यो। त्यसैले हामी यो सबै सन्दर्भमा ध्यान दिनराखेका छौं।

जहाँसम्म नवीकरणीय ऊर्जाको प्रसङ्गमा छलफल गर्दाखेरि यसको प्रमुख स्रोत त जलस्रोत नै जस्तो देखिएको छ। र जलविद्युत नै यसको प्रमुख पक्ष जस्तो देखिएको छ। यद्यपि जलविद्युतको क्षेत्रमा जाँदा ROR त नवीकरणीय ऊर्जाको रूपमा सबैले मानेकै छ। हामीले त सबै जलस्रोतबाट उत्पादित विद्युतहरू नवीकरणीय हो भनेर कुरा भन्दै आइराख्या छौं र कतिपयले जलाशययुक्त आयोजनाहरूलाई renewal मा नराख्ने खालको कतिपय मुलुकहरूले गर्या छ ।

फेरि विश्वमा हेर्दाखेरि यो दुईवटै trend छ। कतिपयले जलाशययुक्त आयोजनालाई नवीकरणीय नमान्ने गरेको अब कतिपयमा फेरि होइन यो हाइड्रोबाट को हाइड्रो सोर्स रहेछ सबै नवीकरणीय हो भनेर भनिराखेकै स्थिति छ। ROR लाई फेरि सबैले नै यो नदी प्रभावमा आधारितलाई सबै नवीकरणीय नै भनिराखेको छ । जलविद्युतको दृष्टिले हेर्दाखेरि मैले यहाँ यो प्रसङ्ग यस कारणले मात्र भन्न खोजेको हो। हाम्रो सन्दर्भमा हाम्रो उत्पादनको प्रकृति जलविद्युत उत्पादनको प्रकृति जस्तो छ। र हाम्रो उपभोग tendency जस्तो छ। यो दुईवटा हिसाबले हेर्दा अलिकति विशिष्ट एउटा अवस्था देखिन्छ। त्यो भनेको हाम्रो उपभोग हाम्रो अथवा खपत भनौं न बाह्रै महिना उस्तै प्रकृतिको छ। हिउँद, वर्षातमा, गर्मीमा सबै बेला उस्तै उस्तै प्रकृतिको छ हामी कहाँ खपत हाम्रो उपभोग क्षमता त उत्पादन क्षमता हाम्रो फरक छ। उत्पादन क्षमता करिब वर्षातमा अर्को सुख्खायामको भन्दा तीनगुणा चारगुणा बढी हुने गरिराख्या हुन्छ। बरु एउटा यसले के परिस्थिति निर्माण गरेको छ भने वर्सातमा हामी कहाँ अलि बढी हुने हामीलाई चाहिने भन्दा पनि बढी उत्पादन हुने, जसले गर्दाखेरि trading मा हामी जानु पर्ने, व्यापारमा हामी जानु पर्ने, वर्सातको सिजनमा अब सुख्खा याममा हामीले तीन चारगुणा थोरै उत्पादन हुने भएका कारणले अहिले हामीले खरिद गर्नुपर्ने व्यवस्था हो। गतवर्षसम्म हामीले बिक्री गर्ने भन्दा खरिद गर्ने बढी थियो। हामी कि तिर्ने मात्रा बढी थियो। यो वर्ष हामी कम्तीमा पनि किन्ने भन्दा बेच्ने चाहिँ बढी हुन्छौ कि जस्तो लाग्या छ। हाम्रो net exporter हुन्छौं भन्ने हाम्रो अहिलेको सुरुवात हो। तथापि हामीले सुख्खायाममा अहिले पनि import गर्नु पर्ने स्थिति छ। यो स्थितिलाई कसरी यो ग्यापलाई कसरी fill कसरी गर्ने? हामी आत्मनिर्भर ऊर्जा स्रोत सुरक्षाको प्रश्न हुन्छ नि यहाँ energy security को कुरा हो।

अब यो ऊर्जा सुरक्षाको कुरा कसरी गर्ने? भन्ने प्रश्नहरू छन्। यसमा एकातिर हामीले energy mix को कुरा गरेका छौं। त्यो energy mix के भने जलविद्युत मात्र भएन। अब सोलारमा पनि जाने, wind power मा पनि जाने, अब त्यो भयो भने अब सोलार गर्मी सुख्खा याममा त सोलारबाट उत्पादन त अझ राम्रो हुन्छ। भलै चौबिसै घण्टा हुँदैन, बाह्र घण्टा हुन्छ तर राम्रो हुन्छ। त्यसकारणले हाम्रो यता जलविद्युतमा सुख्खा याममा हाम्रो उत्पादन जो घट्ने अवस्था तीन चार गुणा थोरै भइराखेको हुन्छ। त्यो ग्यापलाई fill चाहिँ हामीले सोलार ऊर्जामार्फत अथवा बाह्य ऊर्जामार्फत गर्न सकिन्छ भन्ने विश्वासका साथ हामीले यो energy mix को ऊर्जा मिश्रणको अवधारणामा पनि काम गरिराखेका छौं। र नवीकरणीय ऊर्जाका अन्य स्रोतहरू सोलारको, wind power लगायतको क्षेत्रमा पनि हामी प्राथमिकताका साथ ध्यान दिइराखेका छौं। त्यसकारणले अहिले भर्खरै हामीले अब ८०० मेगावाट यहाँ एक दुई मेगावाटको कुरो छैन। किलोवाटको

कुरा होइन। सोलारबाट पनि हामीले ८०० मेगावाट उत्पादन गर्ने अहिले भर्खरै हामीले योजना बनाएका छौं र त्यसको निम्ति हामीले PTA गर्दै छौं हामीले। PTA हामी प्रतिस्पर्धात्मक ढङ्गले नै गराउँदै छौं। प्रतिस्पर्धात्मक ढङ्गले गराउँदै छौं हामीले PTA । त्यसकारण ८०० मेगावाट आगामी दुईवर्षभित्रमा ८०० मेगावाट हामी सोलारबाट नै विद्युत उत्पादन गर्छौं। हाम्रो यो विश्वास र हामी यही लक्ष्यका साथ निरन्तर पनि काम गरिरहेका छौं। उसो त हामीले पैंतालिस सय त यो जलविद्युतमार्फत नै पूरा गर्ने भन्ने हो हाम्रो लक्ष्य। यो हामी अलि extra कुरा गरिराखेका छौं ८०० मेगावाट सोलारको सन्दर्भमा। यो कुराको अतिरिक्त यो त मैले नवीकरणीय ऊर्जाका विभिन्न स्रोतहरूको उपादेयताका बारेमा अथवा यसको आवश्यकता र महत्त्वको बारेमा मात्र मैले यो सन्दर्भमा अलिकति यति कुरा गरेको हो। जे होस् हामी कहाँ नवीकरणीय ऊर्जा स्रोतको उपलब्धता छ। जीवाश्म ऊर्जाको स्रोतको अभाव छ। तथापि त्यो गर्दा स्वतः आर्थिक हिसाबले पनि अब यो नवीकरणीय ऊर्जा हाम्रो निम्ति लाभप्रद नै कुरा स्वतः सिद्ध छ। वातावरणीय दृष्टिले त हुने नै भइहाल्यो। आर्थिक दृष्टिले पनि, वातावरणीय दृष्टिले पनि र हाम्रो सामाजिक विकासको दृष्टिले पनि यसको जनजीवनको सहजताको हिसाबले होला। यसको समन्यायिकताको दृष्टिले होला। समग्र क्षेत्रबाट हेर्दा यसको सामाजिक पक्ष पनि छ। यसको आर्थिक पक्ष पनि छ। यसको वातावरणीय पक्ष पनि छ। यसको महत्त्वको दृष्टिले हेर्दाखेरि। यो सबै हिसाबले माननीयज्यूहरूले सबैले यो कुरामा धेरै चर्चा गरिसक्नुभएको छ। र समग्र कुरा आइपनि सकेको छ भन्ने मलाई लाग्दछ। यस अर्थमा यो महत्त्वपूर्ण छ।

अब यो अवस्थामा यहाँ ऊर्जा दक्षताको कुरा पनि हामी सँगसँगै गरिराखेका छौं। अब किन चाहियो अब माननीयज्यूहरूले विभिन्न कुराहरू राखिराखु भा'छ। म यसको सम्मान नै गर्छु। अब यो के रहेछ भने मानव सभ्यताको विकासको क्रममा मान्छे त जिउन त जिइराखेको थियो। जिउने आधार त जसो तसो गरी नै राखेको थियो। आदिम कालदेखि नै गरिराखेकै थियो। तर समयक्रममा उ त्योभन्दा व्यवस्थित ढङ्गले त्योभन्दा अझ सहज ढङ्गले कसरी गर्न सक्यो त जीवनयापन गर्ने क्रममा विभिन्न अध्ययन, अनुसन्धानहरू गर्दै गइराखेको छ। अध्ययन, अनुसन्धानहरूको आधारमा जीवनलाई थप सहज, जीवनलाई अझ सजिलो बनाउँदै लगिराखेको छ र मानव सभ्यताको विकासको प्रकृया यस्तै रहेछ। ऊर्जा क्षेत्रको विकासको सन्दर्भमा पनि यही होला। अब हामीले अहिले जे जसरी उपभोग गरिराखेका छौं। त्यसलाई अझ दक्षतापूर्वक उपयोग गर्ने कुराहरू, महत्त्वको बारेमा नै चर्चा गरेको ता कि त्यसो भयो भने हामीले धेरै भन्दा धेरै ऊर्जासँग surplus गर्न सक्यौ भने। हामी trade गर्न पाउँछौं। हामी बिक्री गर्न पाउँछौं। त्यसबाट मुलुक लाभान्वित हुन्छ। समाज लाभान्वित हुन्छ। यो त नराम्रो कुरा भएन। अब

जहाँसम्म सामान बिक्री गर्नको लागि त्यो सामान त मान्छेले फाइदा हुने भएकाले पो किन्ने हो। फाइदा नभएपछि किन किन्ने? किन्दैन । त्यो सामानको लागि होइन। अब त्यो कुनै प्रविधिको खरिद गर्नको लागि अथवा कसै कसैको influence मा परेर यस्तो भको हो कि भन्ने यो होइन। हाम्रो ऊर्जाको अधिकतम हामीले चाहिँ उपयोग सही ढङ्गले कम खर्चमा उपयोग गर्न सकौं।

दोस्रो कुरा त्यो धेरैभन्दा धेरै बचत हुन सक्यो भने त्यसलाई हामीले अझ महङ्गो महसुल लिएर बिक्री गर्न सक्छौं। अब अहिलेको त ..... हो हामी। नेपालमा एउटा मात्रै तपाईंले मैले एउटा दृष्टान्त मात्रै भनौं। हामीसँग कुल गार्हस्थ्य उपभोक्ता अठ्चालिस लाख छ। सेवा क्षेत्र त्यसपछि गएर अन्य उद्योगधन्दाहरू कलकारखानाहरू हेर्दाखेरि पचपन्न, छपन्न लाख, साठी लाखको हाराहारीमा हुन्छ उपभोक्ताहरू तर घरेलु उपभोक्ताले गर्दा अठ्चालिस लाखले उपभोग गर्छ, त्यो अठ्चालिस लाखमध्ये पच्चिस लाखभन्दा बढी उपभोक्ताहरूले बिस युनिटभन्दा कम खपत गर्छ घरमा। त्यो बिस युनिट भनेको निःशुल्क राज्यले चाहिँ वितरण गर्छ। पच्चिस लाख परिवारले निःशुल्क विद्युतको उपभोग गरिराखेको छ आजको दिनमा। हामीले यसको त्यही बिस लाख कुल गार्हस्थ्य उपभोक्ता छ। अब यो अठ्चालिस लाख त्योभित्र राम्रो दक्षतापूर्वक त्यसको उपभोग गर्ने, उपयोग गर्ने परिस्थिति बन्ने गरी यो एउटा scenario यहाँनिर देखिन्छ।

आर्थिक क्षेत्रमै पनि उद्योग धन्दा सबै क्षेत्रभरि त्यसको अधिकतम दक्षतापूर्वक उपभोग गर्न सकियो भने उद्योग धन्दाहरूको विकासको आर्थिक क्षेत्रको विकासको लागि पनि यो महत्त्वपूर्ण योगदान धेरै चर्चा गर्न पनि परेन। त्यसैले बरु कसरी गर्ने यो प्रश्न हो। अरू यो सबै काम गर्नको लागि हामीले यहाँ माननीयज्यूहरूले पनि कुरा उठाउनु भएको छ। सङ्घ, प्रदेश र स्थानीय तह तीनवटै तहको तीन तहको सरकारहरूको बिचको सहकार्य, समन्वय यो सबै कुराहरूका अतिरिक्त अब हाम्रो ऊर्जा क्षेत्रहरूको विकासको अर्को एउटा सुन्दर पक्ष पनि हुनेछ। त्यो भनेको public private partnership को कुरा गरिराखेका छौं। public private partnership सँग हाम्रो समुदायको सहभागिताको कुरा पनि गरिराखेका छौं। यो यहाँ पनि आकर्षित नै हुन्छ। अघि पैसाको आर्थिक स्रोत कसरी जुटाउने भन्ने हो देखि लिएर यहाँ विभिन्न प्रश्नहरू छन्। त्यसपछि यो सबै विषयहरूमा सबैभन्दा सफलतम प्रयोग भनेको public private partnership को सफल प्रयोग ऊर्जा क्षेत्रमा यो सार्वजनिक निजी क्षेत्रको साझेदारी सफल प्रयोग हो। अहिले जे जति भइराखेको छ। अब हामी सँग अब त्यसकारण मैले यहाँ अहिले धेरै लामो यो विषयमा नजाऔं हामी विधायन समितिमा दफावार छलफलको क्रममा जानेछौं। यहाँ उता मेरो जवाफ दिनुपर्ने प्रतिनिधि सभामा पनि आज मन्त्रालयगत जवाफ दिनुपर्ने समय आइसकेछ मैले यत्तिकै मा अब थप विषय हामी विषयगत दफावार छलफल गर्नेछौं भन्ने विश्वास यहाँ व्यक्त गर्दै ।

माननीयज्यूहरूले सबैले यसको महत्त्वको बारेमा जुन सकारात्मक दृष्टिकोण यहाँ व्यक्त गर्नुभएको छ, यसलाई म हार्दिक धन्यवाद र आभार व्यक्त गर्दै मेरो भनाइ यहीँ टुङ्ग्याउँछु, धन्यवाद ।

(१६:१० बजे)सम्माननीय अध्यक्षः-माननीय सदस्यहरू, "नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म "नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ माथि संशोधन प्रस्ताव राख्न चाहनु माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल असार १३ गते बिहीवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल असार १३ गते बिहीवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

स्थगितः १६:१२ बजे।